का.जि.प्र.का.द.नं. १००/०५९/६०
९ भदौ २०८१,
आइतबार
25 August, 2024
Sunday
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ई-पेपर हेर्न

वर्ष २२, अंक १८७ । पृष्ठ ८ Madhyanha National Daily www.madhyanhadaily.com




# आफैंलाई सफाइ !

सहकारी पीडितहरु सरकारसँग बचत रकम माग गरिरहेका छन् । सहकारी संस्थाको बचत रकम दुरुपयोग संसदीय छानबिन विशेष समितिले आरोपितहरूसँग सोधपुछ गरिरहेको छ । छानबिन समितिमा १० घण्टा लगाएर बयान दिएका रास्वपा सभापति रवि लामिछाने आरोप पुष्टि नहुने प्रमाण दिएको अभिव्यक्ति दिँदै हिँडिरहेका छन् ।



**भावना पाठक/मध्यान्ह**
काठमाडौं, ८ भदौ ।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछानेले सहकारी प्रकरणमा आफू संलग्न नभएको कागजपत्र संसदीय विशेष छानबिन समितिलाई बुझाएको बताएका छन् ।

शुक्रबार रास्वपाका सभापति एवं पूर्वगृहमन्त्री रवि लामिछानेले सहकारी संस्थाको बचत रकम दुरुपयोग संसदीय छानबिन विशेष समितिमा १० घण्टा लगाएर बयान दिएका थिए ।

शनिबार भरतपुर विमानस्थलमा सञ्चारकर्मीसँग कुरा गर्द उनले आफूलाई लगाइएका आरोप पुष्टि नहुने प्रमाण संसदीय विशेष छानबिन समितिलाई दिएको बताएका हुन् ।

गोरखा मिडियासँग आफ्नो संलग्नताका बारेमा लगाइएको आरोप पुष्टि नहुने गरी प्रमाण बुझाएको उनको दाबी छ ।

'आरोपका आधार तथ्यप्रमाणको छानबिनका लागि संसदीय समिति बनेको हो । त्यसलाई मैले आफूमाथि लागेको आरोपको स्पष्टीकरण दिने अवसरका रूपमा हेरेको छु' उनले भनेका छन् ।

शुक्रबार छानबिन समितिलाई १० घण्टा लामो बयान दिने क्रममा सभापति लामिछानेले जीबी राईको विषयमा बेलैमा राम्ररी थाहा पाउन नसक्नु आफ्नो कमजोरी रहेको बताएका थिए । ग्यालेक्सी टीभीका अध्यक्ष राईको सम्पत्तिको स्रोतका विषयमा हेर्ने काम राज्यका निकायको रहेको भन्दै उनी पन्छिएका थिए ।

बयान दिएर रहेका रवि लामिछानेले आफूलाई लगाइएका आरोप पुष्टि नहुने प्रमाण दिएको अभिव्यक्ति दिँदै आफूले आफैलाई सफाइ दिँदै हिँडेका छन् ।

'मैले त्यहाँ हेरेर, जानेर र बुझेरै काम गरेको थिएँ । छोडेर गएको डेढ वर्षपछि विभिन्न अनुसन्धानबाट जानकारी आएपछि मात्र थाहा भएको कुरा हो । त्यतिखेर थाहा भएको कुरा होइन । त्यतिखेरै आएको भए त्यतिखेरै थाहा हुन्थ्यो । कतिपय कुरा जतिखेर उजागर हुन्छ त्यतिखेरै हेरिन्छ' लामिछानेले भनेका छन् ।

लामिछाने २३ फागुन २०८० मा उपप्रधान तथा गृहमन्त्री भएपछि नै सहकारीको रकम अपचालनमा उनको संलग्नताको >>> पृष्ठ २ मा

> आरोपका आधार तथ्यप्रमाणको छानबिनका लागि संसदीय समिति बनेको हो । त्यसलाई मैले आफूमाथि लागेको आरोपको स्पष्टीकरण दिने अवसरका रूपमा हेरेको छु ।
>
> **रवि लामिछाने,** सभापति, रास्वपा

# सुनकोशीमा गाडी खस्दा तीन जना बेपत्ता

**मध्यान्ह संवाददाता**
काठमाडौं, ८ भदौ ।

सुनकोशी नदीमा गाडी खस्दा तीन जना बेपत्ता भएका छन् ।

प्रहरीका अनुसार सिन्धुलीको गोलन्जोर गाउँपालिका-१ कुडुलेस्थित सडकबाट एउटा निजी सवारी सुनकोशीमा खसेको हो । गाडी समेत बेपत्ता रहेको छ ।

गाडीमा चार जना सवार थिए । त्यसमध्ये तीन जना बेपत्ता भएका छन् । प्रहरीका अनुसार बेपत्ता भएकाहरुको खोजीका लागि गोताखोर परिचालन गरिएको छ ।

शनिबार साँझ खोटाङबाट भक्तपुरका लागि हिँडेको गाडी सिन्धुलीको गोलन्जोरमा अनियन्त्रित भएर नदीमा खस्दा तीनजना बेपत्ता भएका हुन् । एक जना भने हामफालेर बाँच्न सफल भएका छन् ।

२७ वर्षीय सुशान्त कक्षपतिले गाडीबाट हामफालेर ज्यान जोगाएका हुन् । उनको स्थानीय शुभजीवन अस्पताल खुर्कोटमा उपचार भइरहेको छ ।

जिल्ला प्रहरी कार्यालयका प्रमुख प्रहरी उपरीक्षक गोविन्दराज काफ्लेका अनुसार सवारी नम्बर नखुलेको हाइलेक्स गाडीमा चालक सूर्यविनायक नगरपालिकाका ३२ वर्षीय अबिन, ३० वर्षीय प्रनित स्यागु र ३७ वर्षीय बलराम घटुवा बेपत्ता भएका हुन् ।


नदीमा खसेर बेपत्ता भएको गाडीसहित तीन जनाको खोजीकार्यका लागि घटनास्थलमा ४० जना प्रहरीसहित गोताखोर टोली परिचालन गरिएको जनाइएको छ ।

सशस्त्र प्रहरीले विज्ञप्ति निकालेर दुर्घटना भएको खबर प्राप्त भएपश्चात् सशस्त्र प्रहरी बल नेपाल विपद् व्यवस्थापन बेस खुर्कोटबाट सप्रनिको कमान्डमा गोताखोरसहित १० जनाको टोली खटिएको जानकारी दिएको छ ।

यसैबीच, पृथ्वीराजमार्गअन्तर्गत तनहुँको आँबुखैरेनी गाउँपालिका-२ ऐनापहरास्थित मर्स्याङ्दी नदीमा शुक्रबार >>> पृष्ठ २ मा

# ७ वर्षमा नेपालबाट ३५ सय बढी विदेशी निष्कासित

अध्यागमन विभागका अनुसार विगत ७ वर्षको अवधिमा नेपालबाट तीन हजार पाँच सय ७७ जना निष्कासित भएका हुन् ।




**अस्मिता बम/मध्यान्ह**
काठमाडौं, ८ भदौ ।

नेपालमा चिनियाँ नागरिकले गर्ने कानून उल्लघंनको संख्या अन्य देशको तुलनामा धेरै रहेको पाइएको छ ।

अध्यागमन विभागका अनुसार पछिल्लो एक वर्षमा नेपालमा कानून उल्लघंन गरेको आरोमा चार सय सात जना विदेशी नागरिक निष्कासित भएका छन् । २०८० साल असारदेखि २०८१ साल असार मसान्तसम्म सरकारले चार सय सात जना विदेशी नागरिकलाई नेपालबाट निष्कासित गरेको छ ।

अध्यागमन विभागका अनुसार नेपालबाट निष्कासित हुने विदेशी नागरिकहरूमा चार सय सात जनामध्ये एक सय ७६ जना चिनियाँ नागरिक रहेका छन् । बाँकी अन्य देशका नागरिक रहेका छन् ।

विभागको तथ्याङ्क अनुसार विगत ७ वर्षको अवधिमा नेपालबाट तीन हजार पाँच सय ७७ जना निष्कासित भएका छन् ।

सन् २०२३ मा ४५९, सन् २०२२ मा ५७०, सन् २०२१ मा ३०८, सन् २०२० मा ३३२, सन् २०१९ मा ६७१, सन् २०१८ मा ६७८ र सन् २०१७ मा ५५९ जना विदेशी नागरिक नेपालबाट निष्कासनमा परेको विभागको तथ्याङ्क रहेको छ ।

नेपालमा आएर अपराध गरी जेल सजाय भुक्तान गरेका, भिसा अवधि सकिएर पनि नेपाल बसेकाहरु निष्कासित भएका हुन् । गैरकानुनी रुपमा नेपाल आएकाहरू समेत यसमा पर्दछन् ।

एउटा प्रयोजनमा नेपाल आएर अरु नै गतिविधिमा संलग्न रहेकाहरू समेत निष्कासित भएका छन् । अध्यागमन कानुन उल्लंघनसहित लागूऔषध, यौन बन्यजन्तुको अवैध ओसारपसार, विद्युतीय अपराध, ठगी, गैरकानुनी रुपमा धर्मप्रचारप्रसार लगायतका आरोपमा पनि विदेशी नागरिकहरू सजाय भोगेर निष्कासित भएका छन् । यौन दुराचारलगायत गतिविधिमा विदेशी नागरिकको संदलग्नता रहेको समेत देखिन विभागका अधिकारीहरू बताउँछन् ।

भिसा अवधि सकिएपछि पनि गैरकानुनी रुपमा नेपाल बस्नेको संख्या समेत रहेको पाइएको छ । भिसा अवधि सकिएकालाई तोकिएको जरिवाना लिएर आफ्नै देश फकाइनु पर्ने कानूनी व्यवस्था छ । >>> पृष्ठ २ मा

## वैदेशिक रोजगार विशेष

# साउनमा ५४७ म्यानपावरले पठाए साढे २५ हजार जना कामदार

**मध्यान्ह संवाददाता**
काठमाडौं, ८ भदौ

गत साउन महिनामा पाँच दर्जन बढी म्यानपावर कम्पनीले कम्तीमा एक सय बढी कामदार वैदेशिक रोजगारमा पठाएका छन् । यस वर्ष साउनमा २५ हजार ५ सय जनाले संस्थागत अर्थात म्यानपावर कम्पनीबाट श्रम स्वीकृति लिएका छन् । अघिल्लो वर्ष साउनमा २९ हजार २ सय २९ जनाले म्यानपावर कम्पनीबाट श्रम स्वीकृति लिएका थिए ।

गत साउनमा गल्फ म्यानपावर सर्भिस प्रा.लि. सबैभन्दा धेरै कामदार पठाउने म्यानपावर कम्पनीको शीर्ष स्थानमा रहेको छ । उक्त कम्पनीले साउन महिनामा ७ सय ११ जना कामदारको श्रम स्वीकृति लिएको छ ।

साउनमा दर्ता रहेकामध्ये करिब ५ सय ४७ वटा म्यानपावर कम्पनीले कामदार उडाउन सफल भएका छन् । वार्षिकरुपमा सय जना कामदार उडाउन नपाएका २ सय ५९ म्यानपावर कम्पनीले भने साउनमा कामदार उडाउन पाएनन् । नेपाल सरकारको निर्णयपछि उनीहरुले इजाजतपत्र नवीकरण गराएपछि मात्र कामदार पठाउन शुरु गरेका छन् ।

**सय बढी कामदार पठाएका म्यानपावर कम्पनीहरु :**
गल्फ म्यानपावर सर्भिस प्रा.लि.- ७११
सपोर्ट ह्युमन रिसोर्स प्रा.लि.- ५०४
अलस्कील इन्टरनेशनल ह्युमन रिसोर्स प्रा.लि.- ४९१
एड्भान्स म्यानेजमेन्ट कन्सल्ट्यान्ट्स प्रा.लि.- ४८७
एससीसी म्यानपावर कम्पनी प्रा.लि.- ४६६
प्याराडाइज इन्टरनेशनल प्रा.लि.- ४३६
निलकमल ह्युमन रिसोर्स प्रा.लि.- ४२०
>>> पृष्ठ २ मा

## कन्सुलर सेवा दिन फ्रान्स दूतावासको टोली पोर्चुगल आउने

**भरत प्रधान/मध्यान्ह**
लिस्बन, ८ भदौ

पोर्चुगलमा कागजात प्रमाणीकरणसम्बन्धी समस्यामा परेका नेपालीलाई सेवा दिन फ्रान्सस्थित नेपाली दूतावासको टोली पोर्चुगल आउने भएको छ ।

कागजात प्रमाणीकरणलगायतका कन्सुलर सेवा दिन दूतावासको टोली यही अगष्ट २९ मा पोर्चुगल आउन लागेको दूतावासले जनाएको छ । प्रहरी चारित्रिक प्रमाणपत्र (प्रहरी रिपोर्ट) लगायतका कागजात प्रमाणीकरणसम्बन्धी समस्यामा परेका नेपालीलाई लिस्बनबाटै कन्सुलर सेवा दिने गरी टोली पठाउन लागिएको पोर्चुगलका लागि गैरआवासीय नेपाली राजदूत तथा फ्रान्सका लागि नेपाली >>> पृष्ठ २ मा

SOBHA

## यूएइको एक प्रतिष्ठित कम्पनीमा रोजगारीको अवसर

कम्पनी: SOBHA CONSTRUCTION L.L.C शहर : DUBAI
पूर्व स्वीकृत मिति: २०८१/०५/०७ चलानी नं.: ६०२२४०१६ LT. No.: 309438

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Scafolder | 100 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४३,७८८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Steel Fixer | 100 | 0 | | 1200 | ४३,७८८ | | | | | | | |

प्रि - अन्तर्वार्ता निम्नानुसार हुनेछ:
काठमाडौंमा मिति २०८१ भदौ १२ गते (28 August 2024 ) मा हुनेछ ।
चितवनमा मिति २०८१ भदौ १३ गते (29 August 2024 ) मा हुनेछ ।
पोखरामा मिति २०८१ भदौ १४ गते (30 August 2024 ) मा हुनेछ ।
बुटवलमा मिति २०८१ भदौ १५ गते (31 August 2024 ) मा हुनेछ ।
जनकपुरमा मिति २०८१ भदौ १६ गते (1 September 2024 ) मा हुनेछ ।
इटहरीमा मिति २०८१ भदौ १७ गते (2 September 2024 ) मा हुनेछ ।
विर्तामोडमा मिति २०८१ भदौ १८ गते (3 September 2024 ) मा हुनेछ ।

फाइनल अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा भदौ १९ (4 September 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २३०८/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नुहोला ।

Gov. Lic. No 406/060/061
THE RIVER OVERSEAS PVT. LTD.
Battisputali, Gaushala, Kahtmandu, Nepal | Tel: 01-4562431, 01-4562432
Mobile: 9801247223, 9801247247, 9801247214, 9801247211
Email: admin@theriveroverseas.com | Website:www.theriveroverseas.com

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com

९ भदौ २०८१, आइतबार
25 August 2024, Sunday

# सामाजिक कुरीतिविरुद्ध जात्रा




**दिलमाया शाही/मध्यान्ह**
जुम्ला, ८ भदौ

जुम्लामा सामाजिक कुरीतिविरुद्ध जात्रा प्रदर्शनी गरिएको छ। नेवारी परम्परा र संस्कृतिको रुपमा मनाउँदै आएको जुम्लाको ठूलो जात्रामा यस पटक एसिया स्कुलमा विद्यार्थीहरुले बालविवाह, बहुविवाह, छाउपडी प्रथा तथा लैङ्गिक हिंसा जस्ता सामाजिक कुरीतिविरुद्ध चेतनामुलक जात्रा प्रदर्शनी गरेका हुन्।

एसिया इन्टरनेश्नल मोडेल अंग्रेजी स्कुल जुम्लाको आयोजनामा, जिल्ला प्रहरी कार्यालय जुम्लाको समुदायमा प्रहरी साझेदारी कार्यक्रम र जात्रासहितको समन्वयमा पहिलो पटक सचेतना कार्यक्रम सञ्चालन गरेको छ।

जुम्लामा लागुऔषध दुर्व्यवहार बालविवाह, बहुविवाह, स्वास्थ्य, शिक्षा, लैंगिक हिंसा, बलात्कार, जबरजस्ती करणी छोराछोरी बिचको विभेद लगायतका सामाजिक कुरीतिविरुद्धको सन्देश दिइएको विद्यालयका प्रधानाध्यापक चन्द्रबहादुर महतले बताए।

उनका अनुसार शुक्रबारको जात्रामा विशेषगरी पल्टन जात्रा, मिम बास्सा, खस जात्रा, एसिया स्कुलका विद्यार्थीद्वारा जनचेतनामुलक प्रदर्शन गरिएको सन्देश मुलक जात्रा लगायतका प्रदर्शन गरिएको थियो। उनले भने,'बदलिँदो समय र मानिसहरुको मनोविज्ञान बुझ्दा, यो जात्रालाई सभ्य र भव्य तरिकाबाट सञ्चालन गर्न केही फरक र सृजनशिल बनाउन आवश्यक देखिन्छ।'

परम्परागत र पुरानै शैलीबाट जात्रा सञ्चालन गर्दा कता-कता जात्राप्रति समुदायको चासो र आकर्षण घट्दै गइरहेको गुनासो पनि सुनिएको छ।

जुम्लाको जात्रा व्यवसायिक गतिविधि बढाउन र आयआर्जन गर्न एक राम्रो आधार मानिने गरेको छ। उनले भने, 'जात्राले परम्परा र संस्कृति मात्र झल्काउँदैन, जुम्लाको आन्तरिक र बाह्य पर्यटन विकास गर्न सकिने सम्भावना पनि बोकेको छ।' विद्यार्थीका अनुसार आर्थिक, साँस्कृतिक र पर्यटकीय विकासका लागि जात्रालाई मर्यादित, सृजनशिल, शिक्षामुखी र सकारात्मक सन्देशमुखी बनाउन आवश्यक छ। यसको लागि सबैसँग हातेमालो गरी व्यवस्थापन गर्न सके जात्राद्वारा सामाजिक विकासमा योगदान गर्न सकिने उनीहरुको बुझाइ छ। जात्रामा प्रदर्शन गरिएका दृष्यहरुमध्ये जुम्लाको एक निजि विद्यालय एसिया इन्टरनेशनल मोडेल स्कुलका बालबालिकाद्वारा देखाएको जनचेतनामुलक प्रदर्शनी सकारात्मक सन्देश दिइएको छ।

जुम्लामा विद्यमान महिला हिंसा, बलात्कार, यौन हिंसा, लागुऔषध दुर्व्यसनी, छोरीहरुलाई पढाऔं र समाजमा विद्यमान अवस्थामा रहेका अपराध जस्ता गतिविधिहरुप्रति लक्षित गरिएका दृष्यहरु प्रदर्शनी गरेको थियो। जुम्लाको जात्रामा देखिने प्रायः आइटमहरुमा पुरुषहरु मात्र श्रृंगारिएर सहभागी हुने गरेका छन्। यस विद्यालयले पहिलो पटक जात्रामा छोरीहरुको माध्यमबाट समाजमा महिलाहरुले पुरुषहरु भन्दा धेरै योगदान गरेका छन्।

धेरै योगदान गर्न सक्छन् भन्ने सन्देश दिन खोजिएको हो। समाजमा महिलाहरुमाथि भएको हिंसा, बलात्कार र विभेद जस्ता जघन्य अपराधकाविरुद्ध जनचेतना दिइ लागुऔषध दुर्व्यसनीमा लागेका बालबालिकालाई पारेको असरबारे ध्यानाकर्षण गर्नकै लागि जात्रालाई सन्देशमुलक बनाउने प्रयास गरेका प्रधानाध्यापक महतको भनाइ छ। त्यस्तै जात्रा समितिका सल्लाहकार रमेश श्रेष्ठले बालबालिकालाई यसरी सामाजिक मुद्दाका सवालमा चेतना वृद्धि गर्न र समुदायमा जनचेतना फैलाउने कार्य अहिलेको आवश्यकता भएको बताए। उनले जात्रामा सहभागी हजारौंको भिडलाई सन्देश पुऱ्याउन जात्रा एक गतिलो माध्यम बनेको बताए। उनले आगामी जात्राहरुलाई सन्देशमुखी बनाउन पहल गर्ने लागि पर्ने बताए। त्यस्तै लामो समयदेखि बजार क्षेत्रमा स्थायी घर भएको वडा नं.५ को वडा सदस्य लक्ष्मी श्रेष्ठले जात्रामा प्रायःजसो उच्छृंखल गतिविधि र अमर्यादित कार्यहरु रोक्नुपर्ने बताइन्। विद्यालयका बालबालिकाले दिइएको यस्तो प्रकारको सचेतनाले सकारात्मक सन्देश दिने बताइन्।

# भिरबाट लडेर गम्भीर घाइते भएका बुढाको उपचारका लागि सहयोगको याचना

**प्रचण्ड खत्री/मध्यान्ह**
रुकुम पश्चिम, ८ भदौ



रुकुम पश्चिमको बाँफिकोट गाउँपालिका वडा नम्बर २ स्थित पिर्य पाखा निवासी राम बहादुर बुढा गत साउन ३१ गते भिरबाट लडेर गम्भीर घाइते भएपछि नेपालगञ्जस्थित नर्सिङ होमको आईसीयूमा उपचाररत छन्। आर्थिक अवस्था कमजोर भएपछि रामबहादुरकी श्रीमती पुष्पा बुढाले आफ्नो श्रीमानको उपचारका लागि आर्थिक सहयोग गर्न आग्रह गरेकी छन्।

रामबहादुर अहिलेसम्म बेहोस अवस्थामा रहेका छन्। घरको आर्थिक अवस्था न्यून भएको हुँदा उपचार गराउन समस्या भएकाले सहयोग गर्न पुष्पाले सबैमा अनुरोध गरेकी छन्।

परिवारका अनुसार रामबहादुरको टाउकोसहित शरीरका विभिन्न भागमा चोट लागेको छ भने एउटा हात र खुट्टा पनि भाँचिएको छ। उनको उपचारमा करिब १० देखि १२ लाखसम्म लाग्ने भएको हुँदा परिवारले सबैसँग सहयोग को याचना गरेको हो।

रामबहादुरलाई सहयोग गर्नका लागि उनकी श्रीमती पुष्पा बुढाको प्रभु बैंकमा रहेको खाता नम्बर २९६०२५४३६५२०००११ मा सहयोग रकम जम्मा गर्न सकिने परिवारले जनाएको छ।

# जनसंगठनका अगुवा नेता तथा कार्यकर्तालाई प्रशिक्षण



**कुलेन्द्र शाही/मध्यान्ह**
सुर्खेत, ८ भदौ

नेकपा एमाले सुर्खेतको जनसंगठनका अगुवा नेता कार्यकर्ताहरूको प्रशिक्षण कार्यक्रम शुरु भएको छ। शनिबार वीरेन्द्रनगरस्थित पार्टी कार्यालयमा जनसंगठन समन्वय संयन्त्र, नेकपा एमाले सुर्खेतको आयोजनामा उक्त कार्यक्रम शुरु भएको हो।

कार्यक्रममा पार्टीसँग आबद्ध सबै जनसंगठनका अगुवा नेता/कार्यकर्तालाई प्रशिक्षण दिइने बताइएको छ। कार्यक्रमलाई सम्बोधन गर्दै एमाले सुर्खेतका अध्यक्ष कुलमणि देवकोटाले पार्टीका कार्यकर्ताहरुलाई मिशन ०८४ मा लाग्न आग्रह गरे। उनले सुर्खेतका ९ वटै पालिका कमिटी गठन भएको जानकारी दिए।

प्रशिक्षण कार्यक्रममा नेकपा एमाले स्थायी कमिटी सदस्य तथा मुख्यमन्त्री यामलाल कँडेल, वीरेन्द्रनगर नगरपालिकाका नगरप्रमुख मोहनमाया ढकाल, एमाले सुर्खेतका अध्यक्ष देवकोटा, सचिव ध्रुव कुमार शाहीलगायत अन्य पार्टीसँग आबद्ध कार्यकर्ताहरुको उपस्थिति रहेको छ।

# स्वदेशी उत्पादनको प्रवर्द्धन गर्न रास्वपाद्वारा प्रदर्शनी



काठमाडौं/मस- स्वदेशी उत्पादनको प्रवर्द्धन तथा बजारीकरणमा सहयोग पुऱ्याउने ध्येयले राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले वनस्थली चमतीस्थित पार्टी केन्द्रीय कार्यालयमा स्वदेशी उत्पादनको प्रदर्शनी आयोजना गरेको छ।

'आत्मनिर्भर नेपाल अभियान' अन्तर्गत आयोजित प्रदर्शनीमा विभिन्न ३० प्रदर्शनी कक्ष छन्। यसमा कृषि सामग्री, खेतीबाली, स्वदेशी खाद्यान्न, प्राङ्गारिक मल, हस्तकलाका सामग्री, जडिबुटी तथा वनस्पति, अल्लो र गाँजाका कपडालगायत सामग्री छन्।

सो अवसरमा रास्वपाका उद्योग विभाग प्रमुख एवम् सांसद गणेश पराजुलीले उद्यमीले गरिरहेका प्रयासलाई प्रवर्द्धन तथा बजारीकरणमा सहयोग पुऱ्याउन प्रदर्शनी आयोजना गरिएको बताए।

स्वदेशमा सम्भावना र उत्पादन भएका वस्तुलाई प्रवर्द्धन गर्न, उत्पादन गरेका वस्तुको बजार खोज्न, उत्पादन गर्ने प्रविधि विकास गर्न र प्रविधि तथा बजार हुँदाहुँदै पनि नीतिगत समस्या छ भएमा पनि पहल गर्न यो प्रयास गरिएको सांसद पराजुलीले बताए। प्रदर्शनीले स्वदेशी उत्पादनको बजारीकरणमा एवम् उद्यमीलाई प्रोत्साहन समेत हुने अपेक्षा लिइएको छ।

## डोल्पाका स्थानीय तह स्वमूल्यांकन
# काइके पहिलो, ठूलीभेरी अन्तिम

**मध्यान्ह संवाददाता**
डोल्पा, ८ भदौ

स्थानीय तह संस्थागत क्षमता स्वमूल्यांकन (लिसा) को नतिजाअनुसार डोल्पाका आठ स्थानीय तहमध्ये काइके गाउँपालिका अब्बल सावित भएको छ।

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले सार्वजनिक गरेको आर्थिक वर्ष २०७९/०८० को संस्थागत क्षमता स्वमूल्यांकनको गुणस्तर परीक्षण पश्चातको प्रतिवेदन अनुसार काइके अब्बल सावित भएको हो।

प्रतिवेदनअनुसार काइकेले जिल्लाका दुई नगरपालिका र छ गाउँपालिकामध्ये उच्चतम ८३.२५ अंक प्राप्त गरेको छ। काइके पछि-पछि दोस्रो स्थान हासिल गरेको शे-फोक्सुण्डो गाउँपालिकाले ८१.७५ अंक प्राप्त गरेको छ। तेस्रो नम्बरमा रहेको त्रिपुरासुन्दरी नगरपालिकाले ७९.७५ र चौथो स्थानमा रहेको मुड्केचुला गाउँपालिकाले ७९.५० अंक र पाँचौं स्थानमा रहेको जगदुल्ला गाउँपालिकाले ७८.५० अंक प्राप्त गरेको छ।

डोल्पोबुद्ध गाउँपालिका ६९.७५ अंकसहित छैटौं, छार्का ताङसोङ गाउँपालिका ६४.५० अंकसहित सातौं र ठूलीभेरी नगरपालिका ५९.०० अंक अन्तिम आठौंमा रहेको छ। ठूली भेरीको अन्य पालिकाको तुलनामा अत्यन्तै खराब नतिजा हो।

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले गाउँ तथा नगरपालिकाको कार्य प्रकृया र उपलब्धिको लेखाजोखा गरी शासकीय प्रकृयालाई आधार मान्दछ। यस्तै विकास व्यवथापनमा गर्नुपर्ने सुधारका क्षेत्रहरू पहिचान गर्ने, आवधिक समीक्षाको आधार प्राप्त गर्ने अंक नतिजाका निर्धारक हुन्।

उल्लेखित विषयमा स्थानीय सरकारबीच स्वस्थ प्रतिष्पर्धाको भावना जागृत गराउने उद्देश्यले स्वमूल्यांकनको प्रणाली कार्यान्वयनमा ल्याइएको जनाएको छ। स्थानीय तहको संस्थागत स्वमूल्यांकन आर्थिक वर्ष २०७६-०७७ बाट शुरु गरिएको हो। तर मन्त्रालयले पहिलो पटक गुणस्तर परीक्षण गरी प्रतिवेदन सार्वजनिक गरेको छ।

# कतारमा अल दाना सेन्टर र आयुषा मेकअप सैलुनको आयोजनामा मनाइयो तिज

**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा, कतार, ८ भदौ



नेपाली व्यवसायी आयुसा श्रेष्ठले कतारमा सञ्चालन गरेको अल दाना ब्युटी सैलुन र आयुषा ब्युटी सैलुनको आयोजनामा तिज विशेष कार्यक्रम-२०२४ सम्पन्न भएको छ। 'तिज स्पेसल' लेखिएको केक काटेर शुभारम्भ गरिएको कार्यक्रम शुक्रबार साँझ नेपाली महिला समाज कतारकी अध्यक्ष माया केसीसहित कतारमा रहेका महिलाहरूको समुपस्थितमा लालीगुराँस रेस्टुरेन्टमा सम्पन्न भएको हो।

कार्यक्रममा सृष्टि लामा, सृष्टि श्रेष्ठ, बिन्जु श्रेष्ठले स्वागत नृत्य पेस गरे। रेस्मी सेन्चुरी, रोशन अर्याल, इशान रेग्मी, साना महर्जन, सपना घलान, सागर सुनार, बिरेन मादेन र भुवन परियारले आफ्नो गायनले उपस्थितहरुलाई नचाए।

एलिना लामा, एरिका, मनीषा जिसी बोहोरा शान्ति ओली लगायतका कलाकारहरूले आकर्षक नृत्य पेस गरे। कार्यक्रम आफ्ना भनाइहरू राख्दै पार्लर सञ्चालिका श्रेष्ठले पछिल्लो वर्षबाट आफूले तिज कार्यक्रम मनाउन थालेको बताउँदै सबै चेलीबेटीसँग भेटघाट होस र सामूहिकरूपमा तिज मनाउन सकियोस् भन्ने हेतुले तिज कार्यक्रमको आयोजना गरिएको बताइन्। उनले व्यवसायले मात्र सम्बन्ध विस्तार नहुने बताउँदै एक दिन ब्युटीपार्लर बन्द गरेर सबै चेलीबेटीसँग महान चाड तिज मनाउन पाउनु व्यापार भन्दा ठूलो हुने बताउँदै सबैलाई शुभकामना व्यक्त गरिन्।

प्रमुख अतिथि र सभापति नराखी पूर्ण मनोरञ्जन गर्ने उद्देश्यले आयोजना गरिएको कार्यक्रमको पहिलो चरणलाई अञ्जु सुवेदी बस्नेतले सहजीकरण गरिन्। कार्यक्रम सुचारु भएको केही समयमा नै सञ्चारकर्मी तथा प्रभावशाली सामाजिक व्यक्तित्व मनु खड्काले कार्यक्रमलाई सहजीकरण गरिन् भने कार्यक्रमको अन्त्यमा सञ्चारकर्मी पर्ल लक्ष्मी र गायक अर्यालले सहजीकरण गरेका थिए। साँझ ६ बजेबाट शुरु भएको कार्यक्रममा महिला समाजकी अध्यक्ष केसीले शुभकामना मन्तव्य राखेकी थिइन् भने राति १२ बज्दा समेत तिज गीतमा नाच्ने क्रम रोकिएको थिएन।

# विद्यालय व्यवस्थापन समितिमा यादव प्यानलसहित विजयी

**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, ८ भदौ



मौलपुर नगरपालिका अन्तर्गत श्री माध्यमिक विद्यालय पथरा बुधरामको विद्यालय व्यवस्थापन समितिको निर्वाचन सम्पन्न भएको छ।

निर्वाचनको अन्तिम मतगणना परिणाम अनुसार, समितिमा नयाँ नेतृत्वका लागि केही प्रतिस्पर्धीहरूले उल्लेखनीय मतसहित सफलता प्राप्त गरेका छन्।

यस पटकको निर्वाचनमा विवेक यादवले सबैभन्दा धेरै मत प्राप्त गर्दै विद्यालय व्यवस्थापन समितिको अध्यक्ष पदमा विजयी भएका छन्। उनले कुल ३६२ मत प्राप्त गरेका छन्, जुन अन्य प्रतिस्पर्धीभन्दा धेरै थियो। यादवको प्रमुख प्रतिद्वन्द्वी भुपेन्द्र जयसवालले ३५७ मत प्राप्त गरेका थिए, जसले गर्दा उनी निकटतम प्रतिस्पर्धी भए पनि विजय हासिल गर्न सकेनन्।

यादव प्यानलका सदस्यहरू पनि सफल भएका छन्। मनोज ठाकुरले ३५४ मत प्राप्त गर्दै दोस्रो स्थानमा आफ्नो जित सुनिश्चित गरे। यस्तै, सीता कुमारीले पनि ३५४ मतसहित तेस्रो स्थानमा सफलता हासिल गरिन्। चौथो स्थानमा रमिता देवी रहिन्, जसले ३५३ मत प्राप्त गर्दै विजयी बन्न सफल भइन्।

यो निर्वाचनमा सहभागी अन्य केही प्रतिद्वन्द्वीहरूले पनि उल्लेखनीय मत प्राप्त गरे तापनि उनीहरू विजयी बन्न सकेनन्। रिकेश्वर यादवले ३४३ मत प्राप्त गरे भने सिमा देवी र सीता कुमारी देवीले समान रूपमा ३४२ मत प्राप्त गरेका थिए। यद्यपि, यी तीनजना उम्मेदवारले राम्रो प्रयास गरे तापनि विजयी स्थानमा पुग्न असफल रहे।

यस निर्वाचनले विद्यालय व्यवस्थापन समितिमा नयाँ नेतृत्व चयन गर्न महत्वपूर्ण भूमिका खेलेको छ। नवनिर्वाचित समितिले विद्यालयको शैक्षिक गतिविधिहरूलाई प्रभावकारी रूपमा सञ्चालन गर्ने र विद्यालयको विकासमा महत्वपूर्ण योगदान दिने अपेक्षा गरेको हो।

यो निर्वाचनले समुदायमा लोकतान्त्रिक प्रक्रियाको महत्वलाई पनि पुनः पुष्टि गरेको छ, जहाँ प्रत्येक मतदाताको मतले निर्णयमा महत्वपूर्ण भूमिका खेलेको छ।

## आफैंलाई...

मुद्दा संसदमा प्रवेश भएको थियो। तत्कालीन प्रतिपक्षी दल नेपाली कांग्रेसको मागअनुसार बनेको समितिले लामिछानेसँग सोधपुछ गरेको हो।

सहकारी पीडितहरू सरकारसँग बचत रकम माग गरिरहेका छन्। यो बेला रास्वपा सभापति रवि लामिछानेमाथि लागेको आरोपबारे चौतर्फी रुपमा चासो प्रकट भइरहेको छ। तर, लामिछाने आफैं भने आफू निर्दोष रहेको बताउँदै हिँडिरहेका छन्।

सहकारीको रकम अपचलनमा लामिछानेको संलग्नता रहेको भन्दै संसदमा प्रश्न उठेपछि गत जेठ १५ गते प्रतिनिधि सभाले संसदीय छानबिन समिति गठन भएको थियो। समितिमा एमालेकी सरिता भुसाल, कांग्रेसबाट ईश्वरी न्यौपाने र दिलेन्द्रप्रसाद बडू, माओवादीबाट लेखनाथ दाहाल, रास्वपाबाट शिशिर खनाल र राप्रपा ध्रुवबहादुर प्रधान रहेका छन्।

संसदीय समितिले संकलन गरेको विवरणअनुसार प्रहरीले गरेको अनुसन्धानमा जीबी राई र उनको समूहले सञ्चालन गरेका सहकारीहरुबाट अर्बभन्दा बढी रकम टीभीमा गएको खुलेको छ। असार २०७९ मा राजनीतिमा आउनुअघि लामिछाने गोरखा मिडिया नेटवर्क प्रालिको प्रबन्ध निर्देशकका साथै सञ्चालक (१५ प्रतिशत) थिए।

पोखराको सुर्यदर्शन, बुटवलको सुप्रिम सहकारी, चितवनको साहारा, काठमाडौंको स्वर्णलक्ष्मी सहकारीबाट गोरखा मिडिया नेटवर्कमा गएको रकम अपचलनमा लामिछाने आरोपित छन्। लामिछानेको नाममा खडा गरिएको ऋण र लामिछानेको नाममा प्रवाह भएको भनिएका रकमको सम्बन्धमा समेत प्रश्न रहेको छ। तर, लामिछानेले आफू निर्दोष रहेको बताइरहेका छन्।

## सुनकोशीमा...

भएको बस दुर्घटनामा बेपत्ता एक जनाको खोजी कार्य जारी रहेको छ।

पोखराबाट काठमाडौंका लागि छुटेको भारतीय नम्बरप्लेट युपी ५३ एफटी ७६२३ नम्बरको बस मर्स्याङ्दी नदीमा खस्दा २२ वर्षीय गोकर्णी सन्दीप सरोदे बेपत्ता भएका थिए। उनको खोजी जारी रहेको तनहुँ जिल्ला प्रहरी कार्यालयले जनाएको छ।

उक्त दुर्घटनामा २७ जनाको मृत्यु भएको थियो भने १६ जना घाइते भएका थिए।

घाइतेको काठमाडौंस्थित शिक्षण अस्पतालमा उपचार भइरहेको छ।

तनहुँको ऐनापहरामा बस दुर्घटनामा परेर मृत्यु भएकाहरूको शव भने भारत पठाइएको छ।

भरतपुर अस्पतालमा शव परीक्षण सकेपछि भारतीय एयरफोर्सको जहाजबाट शनिवार भरतपुर विमानस्थलबाट ती शव भारत पठाइएको हो।

मृतक २७ मध्ये २५ जनाको शव जहाजबाट पठाइएको हो।

मृतकको शव लिन भारतकी युवा तथा खेलकुद राज्यमन्त्री रक्षानिखिल खड्से भरतपुर आएकी थिइन्।

मृतक यात्रुका शव शुक्रबार राति आँबुखैरेनीबाट भरतपुर ल्याइएको थियो।

पशुपतिनाथ दर्शन गर्नका लागि भारतीय पर्यटक बोकेर काठमाडौं छुटेको बस शुक्रबार बिहान तनहुँको आबुखैरेनी नजिकै सडकबाट मर्स्याङ्दी नदीमा खस्दा २७ पर्यटकको मृत्यु भएको थियो।

मृतकमध्ये १५ महिला, ११ पुरुष र एकजना चार वर्षीया बालिका रहेकी छन्। घाइते हुनेमा ६ जना पुरुष र १० महिला रहेका छन्।

## ७ वर्षमा...

तर, भिसा शुल्क र फिर्ता हुँदा लाग्ने हवाई भाडाको जोहो नेपाल सरकारले गर्नुपर्ने बाध्यताले कतिपय विदशी नेपालमै बस्न बाध्य हुनुपरेको समेत अधिकारीहरू बताउँछन्।

सम्बन्धित व्यक्तिल अध्यागमन कसुर गरेका तर ओभरस्टे बापत तिर्नुपर्ने जरिवाना जोहो नगर्दासम्म निगरानीमा राख्ने गरिएको छ।

नेपालको कानून उल्लघंन गर्ने विदेशी नागरिकहरूमा चिनियाँसहित थाइल्याण्ड, रसिया, ब्राजिल, म्यानमार, भियतनाम, मंगोलिया, जोर्डन, इजरायल, जर्जिया, कतार, ओमान लगायतका देशका रहेका छन्।

## साउनमा...

साउण्डलाइन्स रिक्रुटमेन्ट प्रा.लि.- ३९५
एसिया लिंक सर्भिस प्रा.लि.- ३१३
इम्पावर ह्युमन रिसोर्स म्यानेजमेन्ट प्रा.लि.- २९९
सागर रिक्रुटमेन्ट प्रा.लि.- २८७
एयर किंग्स प्लेसमेन्ट प्रा.लि.- २८३
लिंक इन्टरनेशनल प्लेसमेन्ट सर्भिस प्रा.लि.- २७३
शिखर इन्टरनेशनल म्यानपावर सर्भिस प्रा.लि.- २६१
एसओएस म्यानपावर सर्भिस प्रा.लि.- २४७
दि रिभर ओभरसिज प्रा.लि.- २४६
अलआसमाक्स कम्पनी प्रा.लि.- २४५
गोर्खा ह्युमन रिसोर्स सोलुसन प्रा.लि.- २३४
स्यारोन म्यानपावर सर्भिस प्रा.लि.- २२४
ब्रदर्स इन्टरनेशनल इम्प्लोइमेन्ट प्रा.लि.- २०७
सिडी ह्युमन रिसोर्स प्रा.लि.- २०७
आरोही एचआर सोलुसन प्रा.लि.- २०२
लुलु इन्टरनेशनल प्रा.लि.- १९४
कञ्चन ह्युमन रिसोर्स म्यानेजमेन्ट प्रा.लि.- १९०
रोटरी ओभरसिज प्रा.लि.- १८९
एचएमटी ओभरसिज प्रा.लि.- १७२
एमबी ह्युमन रिसोर्स प्रा.लि.- १७२
हमदान ग्लोबल प्रा.लि.- १६३
पर्फेक्ट रिक्रुटिङ सर्भिस प्रा.लि.- १६३
मनास्लु इन्टरनेशनल सर्भिस प्रा.लि.- १५५
त्रिपुरा इम्प्लोइमेन्ट प्रा.लि.- १५०
वर्ल्ड नेट रिक्रुटमेन्ट कन्सल्ट्यान्सी प्रा.लि.- १४४
अल सहेली म्यानपावर प्रा.लि.- १४२
गल्फ स्काइ इन्टरनेशनल प्रा.लि.- १३६
मोन्टेज ओभरसिज प्रा.लि.- १३६
गोल्डेन इगल म्यानपावर प्रा.लि.- १३५
एसिया पावर रिक्रुटमेन्ट प्रा.लि.- १३३
होप इन्टरनेशनल प्रा.लि.- १२७
स्टारिश एचआर सर्भिस प्रा.लि.- १२४
आर बि ओभरसिज प्रा.लि.- १२३
फ्रन्ट लाइन रिक्रुटमेन्ट प्रा.लि.- १२१
नूर अपर्चुनिटिज ओभरसिज प्रा.लि.- १२१
अक्सफोर्ड इन्टरनेशनल प्रा.लि.- १२०
मास ह्युमन रिसोर्स प्रा.लि.- ११६
ग्रेस ओभरसिज प्रा.लि.- ११५
इभ नेपाल ओभरसिज प्रा.लि.- ११५
ओमेगा इन्टरनेशनल प्रा.लि.- १११
आयुश ओभरसिज प्रा.लि.- १११
लगइन इन्टरनेशनल ओभरसिज रिक्रुटमेन्ट प्रा.लि.- ११०
ट्यालेन्ट ओभरसिज सर्भिस प्रा.लि.- ११०
अञ्जली ओभरसिज सर्भिस प्रा.लि.- १०९
अमिटी ग्लोबल इम्प्लोइमेन्ट सर्भिस प्रा.लि.- १०९
अल हायात म्यानेजमेन्ट सिष्टम प्रा.लि.- १०७
नाइल इन्टरनेशनल म्यानपावर एजेन्सी प्रा.लि.- १०७
पिजन इन्टरनेशनल ओभरसिज प्रा.लि.- १०६
ह्युमन केयर रिसोर्स एण्ड रिक्रुटमेन्ट प्रा.लि.- १०५
अल जाफर इन्टरनेशनल प्रा.लि.- १०५
स्काइ ब्लु इन्टरनेशनल ओभरसिज प्रा.लि.- १०५
अल जाहरा ह्युमन रिसोर्स कन्सल्ट्यान्सी प्रा.लि.- १०४
बेबी एञ्जल रिक्रुटमेन्ट प्रा.लि.- १०२
जलजला रिक्रुटमेन्ट प्रा.लि.- १००

## कन्सुलर...

राजदूत सुधीर भट्टराईले जानकारी दिए। पोर्चुगलमा कागजात प्रमाणीकरणसम्बन्धी हाल देखापरेको समस्यालाई मध्यनजर गरी परराष्ट्र मन्त्रालयसँगको समन्वयमा टोली पठाउने तयारी गरिएको राजदूत भट्टराईले बताए। टोलीले कन्सुलर विभाग काठमाडौंले प्रमाणीकरण गरेको प्रहरी चारित्रिक प्रमाणपत्र (प्रहरी रिपोर्ट), जन्मदर्ता, नाता प्रमाणित, विवाह दर्तालगायतका कागजात प्रमाणीकरणका साथै अन्य कन्सुलर सेवा प्रदान गर्ने उनले बताए। राजदूत भट्टराईका अनुसार घुम्ती सेवाका लागि दूतावासका दुई जना कर्मचारी पोर्चुगल आउने तय भएको छ भने टोलीले करिब एक सातासम्म राजधानी लिस्बनमा रहेर कन्सुलर सेवा प्रदान गर्ने बताइएको छ।

गैरआवासीय नेपाली संघ पोर्चुगलको लिस्बनस्थित कार्यालयबाट प्रवाह गरिने घुम्ती सेवा सेप्टेम्बर ३ तारिखसम्म सञ्चालन हुने दूतावासले जनाएको छ। गैरआवासीय नेपाली संघ पोर्चुगलसहित यहाँ क्रियाशील नेपाली संघसंस्थाको समन्वय र सहजीकरणमा घुम्ती सेवा सञ्चालन गर्न लागिएको हो।

टोली आउने भएपछि प्रहरी चारित्रिक प्रमाणपत्र (प्रहरी रिपोर्ट) लगायतका कागजात प्रमाणीकरणको समस्यामा परेका नेपालीलाई राहत हुने भएको छ भने यहाँको आवास अनुमतिपत्र (रेसिडेन्सी कार्ड)का लागि बायोमेट्रिकको तयारीमा रहेका नेपालीहरु बढी लाभान्वित हुने भएका छन्।

दुई साताअघि मात्रै राहदानी विभाग काठमाडौं र फ्रान्सस्थित नेपाली दूतावासको संयुक्त टोलीले राजधानी लिस्बनमा राहदानी सेवासम्बन्धी घुम्ती शिविर सञ्चालन गरी तीन हजार आठ सयभन्दा बढी नेपालीलाई राहदानी सेवा दिएको थियो।

# लुम्बिनी प्रदेशमा कर्मचारीहरुको व्यापक सरुवा

**सुर्य प्रसाद भुसाल/मध्यान्ह**
अर्घाखाँची, ८ भदौ

लुम्बिनी प्रदेश सरकारले सहायक स्तर तेस्रो देखि अधिकृतस्तर आठौं सम्मका कर्मचारीहरुको एकै पटक व्यापक रुपमा सरुवा गरेको छ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले विभिन्न मन्त्रालय, मातहतका कार्यालय, प्रदेश सभा सचिवालय, योजना आयोगदेखि लोकसेवा आयोगसम्मका कार्यालयमा अधिकांश कार्यरत कर्मचारीहरूको मापदण्ड अनुसार भन्दै सरुवा गरेको हो।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय लुम्बिनीले प्रत्येक वर्षको साउन २१ गते र विषयगत मन्त्रालयहरु विभिन्न सचिवालय आयोगहरुले प्रत्येक वर्ष भदौ ७ गते सरुवा गर्न सक्ने व्यवस्था लुम्बिनी प्रदेश निजामती ऐनमा गरिएको छ।

सरकारले सोही ऐन अनुसार मुख्यमन्त्री कार्यालयले गएको साउन २१ गते प्रशासन चौथो पाचौँदेखि आठौँ तह अधिकृत स्तर उपसचिव नवौं दशौंको तहका कर्मचारीहरुको एकै पटक ठूलो संख्यामा कर्मचारीहरुको सरुवा गरेको मुख्यमन्त्री कार्यालयका एक अधिकारीले जानकारी दिए। मुख्यमन्त्री कार्यलय लुम्बिनी प्रदेशका अनुसार प्रदेश सरकारका विभिन्न निकायका रहेका प्रशासन सेवा तथ्यांक सेवा र उपसचिव वा सो सरहका १ सय २१ जना कर्मचारीहरूको सरुवा गरेको थियो। सरुवा गर्ने विधि नीति भएपनि सबै ठाउँमा लागू गरिएको छैन्।

लुम्बिनी प्रदेशमा कतिपय अनुभवी




कर्मचारीलाई मापदण्डकै नाममा आवश्यकता र कार्य मूल्यांकनलाई व्यवस्ता गरी मनलाग्दो तरिकाले सरुवा गरिएको कर्मचारीहरुले गुनासो गरेका छन्।

कतिपय मन्त्रालयमा केही समय बसेकाहरुले आकर्षक ठाउँहरु रोजेर आफ्नो सरुवा गराइ जान लागेका छन्। जबकी यति धेरै कर्मचारीको सरुवा गर्दा उनीहरुलाई रमाना गर्दा दिने सेवा सुविधा लुम्बिनी प्रदेश सरकारका निम्ति चूनौतीपूर्ण छ।

लुम्बिनी सरकारले अर्थ मन्त्रालयका चौथो पाचौं छैटौं देखि आठौंसम्मका ६७ जना लेखा समुहका कर्मचारीहरुको सरुवा गरेको छ। लेखा समुहमा एकै पटक यति धेरै सरुवा भएको पहिलो पटक हो। यस पटक सबैभन्दा बढी सरुवा वन तथा वातावरण भू संरक्षण मन्त्रालयले गरेको छ। सो मन्त्रालयले अधिकृत छैटौं सातौं र आठौं गरी १ सय २२ जना अधिकृत तथा ३३ जना तेस्रो चौथो पाचौं तहका कर्मचारीको सरुवा गर्दा कतिपय जिल्लामा त पुराना कर्मचारी सबै सरुवा गरी सबै नयाँ अधिकृतहरु पठाउन लागिएको छ।

सरकाले ल्याएको मापदण्ड अनुसार दुई वर्ष पुगेका अधिकृत स्तरका सबै कर्मचारीहरु वन मन्त्रालयले सरुवा गरेपनि अन्य मन्त्रालयहरुले त्यो नियम लागू नगरी आवश्यकताको आधारमा सरुवा गरेका छन्।

यस्तै सामाजिक विकास मन्त्रालय भूमि, व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयका कर्मचारीको सरुवा भएको छ। भौतिक पूर्वाधार मन्त्रालय सहरी विकास मन्त्रालयले भने थोरै कर्मचारीहरु सरुवा गरेका छन्। भदौ ७ गते एकै पटक गरिएको कर्मचारी सरुवा मापदण्ड विपरित, मनलाग्दी र राजनीतिक आस्थाका आधारमा भएको राष्ट्रिय कर्मचारी सगठनका नेता कृष्णप्रसाद बन्जाडेले आरोप लगाए।

कर्मचारी सरुवामा सत्ता साझेदार दल नेपाली कांग्रेसले पनि असन्तुष्टि जनाएको छ। उपसचिव प्रशासन तथ्यांकका कर्मचारीहरुको सरुवा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय गर्छ भने सरुवाको निर्णय गर्दा मुख्यमन्त्री, प्रमुख सचिव लगायत बसेर छलफल गर्छन्। लुम्बिनी प्रदेशमा दुई वर्ष पुगेका सबै कर्मचारी सरुवा गर्ने मुख्यमन्त्री चेतनारायण आचर्यले अडान लिँदै आएपनि त्यो अडान वन मन्त्रालय बाहेक अन्य ठाउँमा लागू हुन सकेन।

प्रदेश तहमा निजामती कर्मचारीको सरुवा तथा काज सम्बन्धी मापदण्ड २०७७ तयार गरिएको छ। सोही अनुसार दुई वर्ष पुरा भएपछि मात्र सरुवा गर्नुपर्ने उल्लेख छ।

श्रोतका अनुसार दुई वर्ष समयावधि नपुगेका २ दर्जन भन्दा बढी कर्मचारीको सरुवा भएको छ। जुन मापदण्ड विपरित सरुवा गरिएको छ।

वन तथा वातावरण मन्त्री वादसिह शाह कुर्मी भन्छन्, 'दुई वर्ष पुगेका सबै कर्मचारीलाई सरुवा गर्ने भन्ने मुख्यमन्त्री आदेश थियो र वन मन्त्रालयले सोही अनुसार सरुवा गरियो, तर अन्य मन्त्रालयमा दुई वर्ष नपुगेका पनि सरुवामा परेछन्। ६ सात वर्ष एकै ठाउँमा बसेकाहरूको पनि सरुवा भएछन्।'

# सांग्रिलाको १०औं वार्षिक साधारण सभा तथा सामाजिक लेखा परीक्षण सम्पन्न

**मध्यान्ह संवाददाता**
ललितपुर, ८ साउन

सांग्रिला डेभलपमेन्ट एसोसियसनको १० औं वार्षिक साधारण सभा तथा सामाजिक लेखा परीक्षण सम्पन्न भएको छ। शनिबार ललितपुरस्थित होटेल गुडविलमा भएको कार्यक्रम संस्थाकी अध्यक्ष प्रकृति भण्डारीको अध्यक्षता तथा कैलाश गाउँपालिकाका अध्यक्ष लोकबहादुर मुक्तानको प्रमुख आतिथ्यतामा सम्पन्न भएको हो।



कार्यक्रममा प्रमुख अतिथि गाउँपालिका अध्यक्ष मुक्तानले सांग्रिलाले गाउँपालिकाका वडाहरुमा तल्लो वर्गलाई कसरी अगाडि बढाउन सकिन्छ भनेर काम गरिरहेको भन्दै प्रसंशा गरेका थिए। उनले स्थानीय सरकारसँग होस्टेमा हैसे भएर काम गर्न संस्थालाई आग्रह समेत गरे। उनले गाउँपालिकाभित्र कृषि, स्वास्थ्य र शिक्षाका क्षेत्रमा समन्वय गरी काम गर्न जरुरी रहेको पनि बताए। विशेष अतिथि कैलाश गाउँपालिकाका उपाध्यक्ष बालकुमार मल्ल ठकुरीले सांग्रिलाले सिमान्तकृत, दलित, पिछडिएका वर्गलाई मध्येनजर गर्दै काम गरेको भन्दै आगामी दिनमा उत्कृष्ठ र नयाँ ढंगबाट काम गर्न सुझाव दिएका थिए। उनले गाउँपालिकाका अन्य वडाहरुमा पनि कार्यक्रम विस्तार गर्न आग्रह गरे।

कैलाश गाउँपालिका वडा नं. ३ का वडाध्यक्ष देवलाल बलले सांग्रिलाको सहयोगमा सञ्चालित एम्बुलेन्सबाट गाउँपालिकाका हजारौं बिरामीले सेवा पाएको बताए। वडा नं. ४ का वडाध्यक्ष तिलक बहादुर मोक्तानले वडामा सांग्रिलाले अभिभावकको काम गरेको भन्दै १० वटै वडामा काम विस्तार गर्न सुझाव दिए।

वडा नं.७ का वडाअध्यक्ष उदास कुमार भोलान र वडा नं. ८ का वडाध्यक्ष आशिष चेपाङले संस्थाले गरेको काम सराहनीय रहेको भन्दै यसमा वडाको पूर्ण साथ र सहयोग रहेको बताए।

कार्यक्रममा सांग्रिला अर्फोनेज होमका विशेष सल्लाहकार निता शाहीले सांग्रिला डेभलपमेन्टले गल्स होस्टेल राखेर छात्राहरुलाई शिक्षा दिनु आफैंमा प्रशंसनिय काम रहेको बताइन्।

सांग्रिला अर्फोनेज होमकी अध्यक्ष यमुना मरासिनीले संस्थाले शिक्षा, कृषि र स्वास्थ्य क्षेत्रमा काम गरेको भन्दै देशको मानव विकास सूचाकांकमा समेत टेवा पुऱ्याएको बताइन्।

सांग्रिला डेभलपमेन्टका विशेष सल्लाहकार जय शंकर उपाध्ययले संस्थाले भविष्यमा पुस्तान्तरण हुने ढंगले काम गरेको भन्दै नेपालभरी नै काम गरोस् भन्दै शुभकामना व्यक्त गरे।

संस्थाकी अध्यक्ष प्रकृति भण्डारीले संस्थाले दशौं कोषेढुंगा पार गरेको भन्दै साझेदार संस्थालाई धन्यवाद व्यक्त गरेकी थिइन्। उनले संस्थाले भूकम्प, कोभिड लगायत मानविय संकटमा संस्थाले महत्वपूर्ण काम गरेको बताइन्। उनले आगामी दिनमा संस्थाले दिगो परिणाम र वातावरणीय परियोजनामा लक्षित रहेर अगाडि बढ्ने प्रतिबद्धता जनाइन्।

कार्यक्रममा संस्थाका सदस्य विकास तिमिल्सिनाले स्वागत मन्तव्य, सचिव दशरथ घिमिरेले संस्थाको बारेमा जानकारी गराएका थिए। यस्तै कार्यक्रम संयोजक सागर थापाले परियोजनाको बारेमा प्रस्तुतीकरण दिएका थिए।

कार्यक्रममा कृषि परियोजनाका पुरन बहादुर खड्का, शिक्षा परियोजनाका धनबहादुर मोक्तान, जुम्लाका विशेष बालबालिका कार्यक्रमका संयोजक हरिबहादुर बुध थापा, स्वास्थ्य सामाजिक परिचालक चमेली मोक्तान र स्वास्थ्य परियोजनाकी सोनी मल्लिक, लेखा अधिकृत सम्झना पौडेल, होस्टेल परियोजनाका विषयमा होस्टेल वार्डन अस्मिता श्रेष्ठ र सञ्चार संयोजक राजीभ प्रजापतिले कार्य विवरण प्रस्तुत गरेका थिए। कार्यक्रम सञ्चालन शिक्षा कर्मचारी शिव कुमार प्रजाले गरेका थिए।

२०७१ सालमा स्थापना भएको संस्थाले मकवानपुरको वडा नं ३,४, ७ र ८ र जुम्लामा कार्यक्षेत्र बनाएर काम गर्दै आएको छ। संस्थामा हाल एस.ए. स्वीजरल्याण्ड र जि.ए. जर्मनीको साझेदारी रहेको छ।

# कुरीति, कु-संस्कारविरुद्ध एकजुट हुने प्रतिबद्धता

**पुर्ण कुमार/मध्यान्ह**
डोल्पा, ८ भदौ

हिमाली जिल्ला डोल्पाको त्रिपुरासुन्दरीमा जातीय विभेदविरुद्ध वडास्तरीय सरोकावालाहरूसँग अन्तरक्रिया गरिएको छ। शनिबार त्रिपुरासुन्दरी नगरपालिका वडा नं.१ को आयोजना तथा वातावरणीय कृषि तथा विकास केन्द्र(केड) र कर्णाली जनजीविका सशक्तिकरण कार्यक्रम केडको सहकार्यमा वडा कार्यालयको भवनभित्र सरोकावालाहरूसँग वडा स्तरीय अन्तरक्रिया तथा समन्वयात्मक बैठक सम्पन्न गरिएको छ।

डोल्पामा पछिल्लो समय जातीय विभेद न्यूनीकरण हुँदै गएपनि त्रिपुरासुन्दरी नगरपालिकामा भने बढ्दै गइरहेकोले जिल्लामै पहिलो पटक जातीय विभेदविरुद्ध वडास्तरीय सरोकारवालाहरुसँग अन्तरक्रिया कार्यक्रम गरिएको त्रिपुरासुन्दरी नगरपालिका वडा नं. १ का अध्यक्ष रामचन्द्र कुलालले जानकारी दिए।

कार्यक्रममा केड, क्लेप डोल्पाका प्रतिनिधि तथा कार्यक्रमका सहजकर्ता लीला टमाटाले समाजमा जातीय विभेद कायमै रहेको र यसलाई न्यूनीकरण गर्न सबै सरोकारवाला निकायहरु यस्ता विभेद विरुद्ध हातेमालो गरेर अगाडि बढ्नु पर्ने बताए।

समाजमा यस्ता विभेद पूर्ण रितिरीवाज अन्त्य गर्न यहाँका देवी देवताका धामीहरु समेत लागि परी भ्रम मुक्त समाज बनाउन सबैले आफ्नो आफ्नो ठाउँदेखि महत्वपूर्ण भूमिका निर्वाह गर्नुपर्नेमा जोड दिए।

जातीय छुवाछुत, छाउपडी प्रथा लगायतका अन्य विभेदहरु घरका अभिभावक चेतनशील नहुँदा त्रिपुरासुन्दरीमा अझै बढ्दै गइरहेको त्रिपुराकोट स्वास्थ्य चौकीकी इन्चार्ज शान्ति रावतले बताइन्। उनले भनिन्, 'समाजमा



अझै पनि कायम रहेका यस्ता विभेद अन्त्य गर्न पहिला व्यक्तिगत रूपमा आफू परिवर्तन हुनुपर्ने र यस्ता विभेदविरुद्धका विषयमा समाजमा जनचेतनामुलक कार्यक्रम गरिरहनुपर्छ।'

कार्यक्रममा उपस्थित दलित अधिकारकर्मी राजीमान सार्कीले डोल्पाका अधिकांश स्थानीय सरकारहरु दलितका विषयमा मौन हुने गरेको बताए।

डोल्पाका अन्य पालिका भन्दा त्रिपुरासुन्दरी नगरपालिका अलि बढी धार्मिक आस्था भएको पालिका हो। धार्मिक आस्था बढी भएकै कारण यहाँ छुवाछुत बढ्दै गइरहेको हिमज्योति आधारभूत विद्यालयका प्रधानाध्यापक मन बहादुर सार्कीले बताए।

यहाँका दलित समुदायका नागरिक वर्षौं देखि कथित माथिल्लो जातका मानिससँग विभेद भोग्दै आइरहेका छन्। यदि डोल्पाका देवी देवताहरु यस्ता कुरीति, कु-संस्कारविरुद्ध एकजुट भए चाडै नै जिल्लालाई छुवाछुत मुक्त जिल्ला घोषणा गर्न सकिने उनको भनाइ रहेको थियो। कानून अनुसार जातीय छुवाछुत दण्डनीय अपराध हो। छुवाछुतविरुद्धको कानून कार्यान्वयनमा सरकारी निकाय नै गैरजिम्मेवार बनिदिँदा जातीय विभेद र छुवाछुत समाजमा अझै पनि कायम नै छ।

२०६३ जेठ २१ गते नेपाललाई छुवाछुत मुक्त राष्ट्र घोषणा गरिएको भएपनि यसको कार्यान्वयन भने हुन सकिरहेको छैन। जातीय भेदभाव तथा छुवाछुत कसुर सजाय ऐन २०६८ ले जातीय भेदभाव तथा छुवाछुत कार्य आफै गरे वा अरु मार्फत गराउने कुरालाई मात्रै निषधे गरेको छैन। भेदभाव तथा छुवाछुत जन्य निषेधित कार्य गर्ने, समर्थन गर्ने वा उकास्ने कार्य गर्ने जो कसैलाई वर्जित गरी दण्डनीय बनाएको छ।

ऐनको दफा ४ को उपदफा २ 'ख' मा व्यक्तिगत तथा सामुहिक रुपम सार्वजनिक स्थलहरूमा कुनै प्रकारको भेदभाव गरेको पाइएमा २ महिना देखि ३ वर्ष कैद र ५० हजारदेखि २ लाख रुपैयाँसम्म जरिवाना गरिने वा दुवै सजाय हुने गरी कारबाही गरिने उल्लेख गरिएको छ।

अन्तरक्रिया कार्यक्रममा वडा अध्यक्ष कुलाल, सहजकर्ता टमाटा, वडाभित्रका विद्यालयका प्रधानाध्यापकहरु, विद्यालय व्यवस्थापनका समितिका अध्यक्ष, त्रिपुरासुन्दरी मन्दिरका पुजारी, वडाभित्रका विभिन्न देवी देवताको धामी, सामाजिक अभियन्ता, दलित अधिकारकर्मीसहित सञ्चारकर्मी लगायतका सरोकारवालाहरुको उपस्थित रहेको थियो।

# जनता समाजवादी कपिलवस्तुको अध्यक्षमा इरफान खा चयन

**शहबाज खान/मध्यान्ह**
कपिलवस्तु, ८ भदौ



जनता समाजवादी कपिलवस्तुको अध्यक्षमा ईरफान खाँ चयन भएका छन्। खाँको संयाजकत्वमा शनिबार २१ सदस्यीय जिल्ला कार्य समिति सर्वसम्मत रुपमा घोषणा गरिएको हो।

लुम्बिनी प्रदेश अध्यक्ष महेन्द्र यादवको अध्यक्षता र पार्टीका महासचिव तथा पूर्व मन्त्री इतिस्याक राइनको प्रमुख आतिथ्यतामा भएको कार्यक्रममा नयाँ कार्य समिति घोषणा गरिएको हो। समितिको सदस्यहरुमा उदयभान यादव, कबुतारा कहार, सहाबुद्दीन मुसलमान, परशुराम यादव, इन्द्रराम यादव, बुजराज चौधरी, बिजय सिंह चौहान, अब्दुल कलाम खाँ, सुनिता तेली र जगमोहन बरइ रहेका छन्। यस्तै नसिम पठान, ज्ञानमति भर, नारायण चौधरी, साजन ठाकुर, रिजवान खाँ, विनय चौबे, झगरु थारु, बिसाल यादव, हेम बहादुर असलमी मगर र बिन्देश्वरी यादव सदस्य रहेका छन्।

सो अवसरमा सम्बोधन गर्दै महासचिव राइनले उपेन्द्र यादवको हैकमवादी र लोभीपापी मन भएका कारण विगतमा पार्टी पटक-पटक फुट्दै आएको बताए। उनले उपेन्द्र यादव सत्ता बाहिर रहँदा मात्र मधेशको हक अधिकार खोज्ने सत्तामा रहँदा विर्सने गरेको आरोप लगाए।

उनले पार्टीले जनतको हक अधिकारका लागि लडि रहेको बताए। कार्यक्रममा पार्टीका केन्द्रीय सदस्य नविन सुनार, मनिकर कार्की, पूर्व मन्त्री भण्डारीलाल यादव लगायतको सहभागीता थियो।

# बाघको आक्रमणबाट मृत्यु

**लालबाबु बानिया/मध्यान्ह**
पर्सा, ८ भदौ

पर्साको जिरा भवानी गाउँपालिकामा बाघको आक्रमणबाट एक जनाको मृत्यु भएको छ। मृत्यु हुनेमा वडा नं.५ सखुवनियाका ६० वर्षीय तुलसी राउत थारुको मृत्यु भएको प्रहरीले जनाएको छ। थारु गाउँ नजिकैको जंगलमा शुक्रबार घाँस काट्न गएका थिए। सोही बेला बाघको आक्रमणमा उनको मृत्यु भएको इलाका प्रहरी कार्यालय पटेर्वासुगौलीका प्रहरी निरीक्षक मोहनजंग बुढाथापाले जानकारी दिए।

दाहिने खुट्टा र बाँया हात बाघले खाएको अवस्थामा थारुको शव शनिबार बिहान फेला परेको प्रहरीले जनाएको छ। शुक्रबारदेखि बेपत्ता रहेका थारुको शव शनिबार बिहान सुगिभार नजिकको नर्सरीमा फेला परेको हो।

शव फेला परेपछि स्थानीयले प्रहरीलाई खबर गरेका थिए। ईलाका प्रहरी कार्यालय पटेर्वासुगौलीका टोली घटनास्थलमा पुगेर शव पोष्टमार्टमका लागि वीरगञ्जस्थित नारायणी अस्पतालमा पठाएको छ।

# स्वमूल्यांकनमा राजपुर तेस्रो स्थानमा

**इसत्याक अहमद/मध्यान्ह**
रौतहट, ८ भदौ

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले आ.व.२०७९/०८० स्थानीय तह संस्थागत क्षमता स्वमूल्यांकनको नतिजा प्रकाशन गरेको छ।

उक्त नतिजा प्रकाशनमा रौतहट जिल्लामा राजपुर नगरपालिका तेस्रो स्थान प्राप्त गर्न सफल भएका छुन।







प्रत्येक वर्ष स्थानीय तह संस्थागत क्षमता स्वमूल्यांकनमार्फत मन्त्रालयले शासकीय प्रवन्ध, वार्षिक बजेट तथा योजना व्यवस्थापन, वित्तीय एवंम् आर्थिक व्यवस्थापन, सेवा प्रवाह, न्यायिक कार्य सम्पादन, भौतिक पूर्वाधार, सामाजिक समावेशिकरण, वातावरण संरक्षण तथा विपद् व्यवस्थापन, सहकार्य र समन्वय गरी जम्मा १० वटा शिर्षकमा प्रत्येक स्थानीय तहले सम्पादन गरेका कामकारवाही, सेवा प्रवाहका प्रमाण सहितका कागजातहरु अनिवार्य रुपमा अपलोड गर्ने व्यवस्था विगत ४ वर्षदेखि लागु भएता पनि विगत ३ वर्षदेखि प्रत्येक स्थानीय तहले कार्यान्वयनमा ल्याइएको थियो।

स्वमूल्यांकनको आधारमा नै सम्बन्धित निकायबाट स्थानीय तहक लागि बजेट विनियोजन गर्ने प्रक्रिया अपनाइएको कुरा अर्थ मन्त्रालय र राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोगले जनाएको छ।

राजपुर नगरपालिकाका नगर प्रमुख डा.मो राजीक आलमले आफ्नो कार्यकाल सम्हालेको दिनदेखि नै कार्यालयले सम्पादन गरेको काम कारवाही र सेवा प्रवाहहरुको कार्य विवरण पारदर्शिताका साथ सेवा प्रवाह गर्दै आइरहेको बताए।

प्रत्येक वर्ष स्थानीय तह संस्थागत क्षमता स्वमूल्यांकन अपलोड गर्ने कार्यमा तत्कालिन कार्यालय प्रमुख बैजु ठाकुर, लेखा अधिकृत मनोज राज कर्ण, फोकन पर्सन हरेन्द्र कुमार साह लगायत सहयोग गरेका सम्पूर्ण शाखाका शाखा प्रमुखसहित सम्पूर्ण कर्मचारीहरुलाई हार्दिक धन्यवाद दिँदै आगामी दिनमा पनि कर्मचारी वर्गबाट सहयोगको अपेक्षा राखेको कुरा नगर प्रमुख आलमले बताए।

**साउदीमा रोजगार**
कम्पनी: MANA MUSHABAB CONTRACTING COMPANY
शहर: Riyadh
पुर्व स्वीकृत मितिः २०८१/०५/०७
चलानी नं.: ६०२२४०६५
L.T. No.: 309356

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Workshop Labor | 6 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३५,६९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Truck Driver | 4 | 0 | | 1800 | ६४,२४२ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८१ भदौ १६ गते (1 September 2024) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु.१०,००० कामदारले |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

FAZAL INTERNATIONAL PVT. LTD.
Gov. Lic. No. 709/064/065
Sinamangal, Kathmandu Tel: 4581208, 4581209, Fax: 4581210

GET YOUR eVISA FOR MALAYSIA
Authorized by Government of Malaysia for Visa Processing
Hello Travels Pvt. Ltd.
Say Hello ! to your Destination
Metro Park Building, Third Floor, Uttar Dhoka
Lazimpat-2, Kathmandu, Nepal
+977-1-4419871
+977-9808819329 / 9818827005/ 9746459621
nepal.osc@gmail.com
थप जानकारीको लागि
QR SCAN गर्नुहोस्
You are one SCAN away from getting your VISA!
TRAVEL THE WORLD
Best Airfare and Wide Variety of Choices
Harvest Moon Travel and Tours (P.) Ltd.
Harvest Moon Building, Gairidhara, Naxal, Kathmandu, Nepal
+977-1-4415574 / 4415526 / 4415517 / 4415442
harvestmoon@mos.co.np
www.harvestmoongroup.com

मध्यान्ह
www.madhyanhadaily.com
९ भदौ २०८१, आइतबार
25 August 2024, Sunday

## सम्पादकीय

### प्रशासनिक निगरानी बढाऔं


पोखराबाट काठमाडौंका लागि छुटेको बस शुक्रबार मर्स्याङ्दी नदीमा खस्दा २७ जना भारतीयले ज्यान गुमाएका छन् । दुर्घटनामा ज्यान गुमाएकाहरूको शव लिन शनिबार भारतीय युवा तथा खेलकुद राज्यमन्त्री नेपाल आएका थिए । तनहुँको आँबुखैरनीमा खसेको बसमा ज्यान गुमाएकाहरूको शव राज्यमन्त्रीले बुझेका छन् । दुर्घटनामा परेको बस पर्यटकीय प्रयोजनका निम्ति आएको थियो । ८ दिनको रूट परमिट लिएर नेपाल छिरेका दुई मध्ये एउटा बस आँबुखैरेनीबाट मर्स्याङ्दीमा खसेको हो । यो बस दुर्घटनाबाट २७ जना नागरिकले ज्यान गमाउनु परेको त छ नै, सँगै यो दुर्घटनाबाट असाध्यै नराम्रो सन्देश गएको छ । यो दुर्घटनाले नेपाल घुम्न आउने भारतीयहरूको मनमा झस्को पसेको छ । यो बाहेक अरूतिर पनि दिनहुँ जसो दुर्घटना भइरहेको छ ।

जबकी पर्यटकीय मौसम सुरू हुनै बाँकी छ । उघ्रदो आकाश र बढ्दो चाडबाँडसँगै धार्मिक एवं पर्यावरणीय पर्यटकहरू नेपाल आउने तयारीमा थिए । तर २७ जना भारतीय नागरिकले ज्यान गुमाउनेगरी भएको दुर्घटनाले चिन्ता थपेको छ । अतः यो दुर्घटनालाई सिकाइ मान्दै तत्कालीन र दीर्घकालीन योजना निर्माणमा ध्यान दिन आवश्यक छ । उद्देश्य चाहिँ सुरक्षित यात्रा हो । जसका निम्ति भौतिक पूर्वाधार निर्माण, प्रशासनिक सक्रियता र आवश्यक ऐन जरूरी हुन्छ । तर जीर्ण सडक र प्रशासनबाट आवश्यक निगरानी नहुँदा दुर्घटना दर बढिरहेको छ । दुर्घटनाबाट नागरिकले ज्यान गुमाउनु परिरहेको छ भने त्यसको दीर्घकालीन असर बहुआयामिक छन् ।

अनि राज्यसँग दुर्घटना न्यूनिकरणको पहल लिने बाहेक अर्थोक विकल्प पनि छैन । अझ बिस्तारै चाडहरूको मौसम सुरू हुँदैछ । यस्तो बेला तुलनात्मक रूपले बढी मानिसले यात्रा गर्छन् । चाड मनाउन घर फर्कने र घरबाट नियमित कार्य क्षेत्र फर्कनेहरू हुन्छन् । विशेषगरी दशैं, तिहार, छठ जस्ता पर्वमा यात्रु धेरै हुन्छन् । यस्तो बेला प्रशासनको निगरानी बढाउनु तत्कालीन समाधान हो । क्षमता भन्दा बढी यात्रु राख्न नदिने, रूट परमिटलाई ध्यान दिने, मादक पदार्थ सेवन गरी सवारी सञ्चालनमा रोक लगाउने, आवश्यक कागजपत्रमा ध्यान दिने जस्ता विषय हेर्दा मात्र पनि सुरक्षित यात्रालाई बल पुग्छ । तर यही काम नहुँदा दुर्घटना बढिरहेको छ । अनि दीर्घकालीन समाधान भनेको यातायात नीतिमै ध्यान दिएर आवश्यक कामहरू गर्न जरूरी छ ।

# दुर्व्यसन र परिवारमा यसको प्रभाव

अग्रलेख



● लक्ष्मण सिंह अधिकारी

दुर्व्यसन भन्ने शब्द नेपाली समाजमा चिर परिचित शब्द हो र यो लागुऔषध प्रयोगसँग सम्बन्ध छ । यसरी हेर्दा दुर्व्यसनीले लागुऔषध तथा मद्यपान सेवन गर्ने लतलाई दुर्व्यसन भन्ने गरिन्छ । लागुऔषध भन्नाले कुनै पनि प्राकृतिक वा रासायनिक पदार्थ जसको प्रयोग वा सेवनले सेवनकर्ताको केन्द्रीय स्नायु प्रणालीमा प्रभाव पारि उसको सोचाई र भावनामा परिवर्तन ल्याइदिन्छ, जसले गर्दा उसको सोचाई र सही निर्णय गर्न सक्ने क्षमतामा नै ह्रास आउन थाल्दछ । लागुऔषधको सेवन कानुनी तवरमा प्रतिबन्धित छ भने यस्ता हानिकारक तत्त्वको सेवन गर्ने लतलाई दुर्व्यसन भनिन्छ । लागुऔषध सेवन गर्ने कार्य व्यक्ति, उसको परिवार, समाज र समग्र देशको निमित्त एक गम्भीर रोग हो ।

व्यक्ति नसामाथि निर्भर बन्दै जानु भनेको एउटा पारिवारिक रोग पनि हो । परिवारमा एक जना सदस्य लागुऔषध तथा मद्यपानमा निर्भर हुनु भनेको परिवारका अन्य सदस्यहरू पनि रोगी हुनु हो । द अमेरिकन सोसाइटी अफ अडिसन मेडिसिनले हालसालै प्रकाशित गरेको परिभाषाअनुसार लागुऔषध तथा मद्यपानमा निर्भर बन्दै जानु भनेको एउटा रोग हो । यो बढ्दै जाने र चिरकालसम्म रहिरहने रोग हो । यसले सेवनकर्ताको दिमागले गर्ने कार्य, अन्तर-सम्बन्ध, काम गर्ने क्षमता तथा बानी व्यवहारमा अत्यन्तै नराम्रो प्रभाव पार्दछ । यति भयानक रोग हुँदा हुँदै पनि यसको उपचार सम्भव छ ।

### *पारिवारिक रोगको रूपमा दुर्व्यसन*

दुर्व्यसनलाई जुनसुकै पक्षले हेरे पनि यो एउटा पारिवारिक रोग हो । दुर्व्यसनको उपचार गर्दा उसलाई परिवारबाट टाढा, एक्लो राखेर यसको उपचार सम्भव छैन । त्यसैले लागुऔषध तथा मद्यपानमाथि निर्भर व्यक्तिको श्रीमती तथा परिवारका अन्य सदस्यहरूसँग उसको बिग्रिएको सम्बन्धलाई पुनः सुधार गर्न नितान्तः जरुरी छ । दुर्व्यसनलाई पारिवारिक रोगको रूपमा यस अर्थमा पनि लिइन्छ कि कुनै परिवारमा एक जना व्यक्तिले लगातार रूपमा लामो समयसम्म लागुऔषध तथा मद्यपान प्रयोग गरेर परिवारको हित विपरीत उद्दण्ड र गैर सामाजिक क्रियाकलापहरू गर्दै आइरहेको हुन्छ । उसको यस प्रकारको उद्दण्ड व्यवहारलाई नियन्त्रण गर्न परिवारले ठुलो भूमिका खेलेको हुन्छ तर, लगातारको प्रयासपछि पनि उनीहरू यसमा सफल हुँदैनन् । कालान्तरमा गएर परिवारका अन्य सदस्यहरू जसले नशा प्रयोग गर्दैनन्, उनीहरूले पनि लागुऔषध दुर्व्यसनीको जस्तै व्यवहार गर्न थाल्दछन् ।

हरदिन हरराात नशामाथि निर्भर व्यक्तिलाई सो लतबाट टाढा गराउनु उनीहरूले आफ्नो कर्तव्य ठान्दछन्, जसले गर्दा उनीहरू मानसिक र शारीरिक रूपले कुनै क्षण पनि आफूमा ताजापनको महसुस गर्दैनन् । यस्तो अवस्थामा उसँग सँगै बस्नु भनेको अत्यधिक निराश, दुःखी र मानसिक रूपमा थकित हुनु हो । यो क्रम बढ्दै गएपछि परिवारका सबै सदस्यहरूको सम्पूर्ण ध्यान केवल नशामाथि निर्भर व्यक्ति माथि पर्न जान्छ । सबै सदस्यहरूको सम्पूर्ण ध्यान आफूप्रति आकर्षित भएको थाहा पाउने बित्तिकै परिवारका सदस्यहरूलाई एक आपसमा जुधाउने, बझाउने र भाँड्ने काम गर्दछ । जसले गर्दा उसको ड्रग प्राप्तिको बाटो सहज बन्न जान्छ । एक अर्थमा भन्ने हो भने उसले आफूलाई सफल खलनायकको भूमिकामा सफल भएको महसुस गर्दछ भने अर्को तर्फ उसको सारा परिवार लथालिङ्ग र तहसनहस हुँदै गइरहेको हुन्छ ।

लागुऔषध प्रयोगकर्ताको परिवार यदि उ विवाहित हो भने उसको उद्दण्ड व्यवहारको सबैभन्दा बढी असर उसकी श्रीमतीलाई पर्दछ । सँगै जिउने सँगै मर्ने भनी आगोलाई साक्षी राखी सात फन्को परिक्रमा गरी सर्वस्व सुम्पिएकी बिचरीले श्रीमानको उद्दण्ड व्यवहारले आफू क्षतविक्षत भएको महसुस गर्न थाल्छिन् । श्रीमान् भनेको शिवजीको रूप हो भनी पाउको तीन अञ्जुली जल खाएकी श्रीमती उसको यस्तो राक्षसी रूप देखेर नतमस्तक हुन्छिन् । एकातिर साथी सङ्गी, इष्टमित्र, नातागोता तथा छर छिमेकले घर भित्रका सबै नराम्रा कुराहरू थाहा नपाओस् भनी लुकाउनु पर्ने हुन्छ भने अर्को तिर त्यसले उसलाई भित्र भित्रै अत्यन्तै पीडा दिइरहेको हुन्छ ।


### *प्रयोगकर्ताको परिवारमा देखिने लक्षण*

**रक्षात्मक प्रणाली**

यो भनेको सत्य कुरालाई असत्य हो भनी खण्डन अर्थात् वास्तविकतालाई नकार्नु हो । सामान्यतः यस्तो प्रवृति सबै मानिसहरूमा धेर थोर हुन्छ नै तर, लागुऔषध प्रयोगकर्ताको घरमा यो बढी हुन्छ । नशामाथि निर्भर व्यक्तिहरूमा यो कुरा सत्य होइन भनी खण्डन गर्ने प्रवृति अत्यधिक हुन्छ । नशा सेवन गर्ने व्यक्तिले जुन मात्रामा नशा सेवन गरिरहेको हुन्छ त्यसलाई जस्ताको तस्तै नभन्ने भनीहाले पनि त्यसलाई घटाएर भन्ने अथवा भन्दै नभन्ने गर्दछन् ।

**दोषारोपण**

लागुऔषध तथा मद्यपान सेवन गर्ने आफ्नो बानी व्यवहारको दोष अरूलाई दिने, अरूको कारणले आफू दुर्व्यसनी भएको भनेर दोष अन्यको टाउकोमा थोपार्ने, दुर्भाग्यवश परिवारका सदस्यहरू पनि आफ्नो सन्तान बिग्रेको दोष एक अर्कालाई लगाउने र आफ्नो दायित्वबाट पन्छिन खोज्ने किसिमको स्वभाव नशा प्रयोगकर्ताको घर परिवारमा हुन्छ । घरमा प्रयोगकर्ताको नशा प्रतिको निर्भरता वृद्धि सँगै आरोप प्रत्यारोपले चरम रूप लिएको हुन्छ र साथै प्रयोगकर्ताले पनि घरमा सोही किसिमको वातावरण बनाइदिन्छ ।



*लागुऔषध सेवन गर्ने कार्य व्यक्ति, उसको परिवार, समाज र समग्र देशको निमित्त एक गम्भीर रोग हो । यस्तो समस्या बढ्दै जाने र चिरकालसम्म रहिरहने हुनसक्छ । यस्तो व्यक्तिले आफू मात्रै होइन, सिङ्गो परिवार, समाज र राष्ट्रलाई नै क्षति बनाउन सक्छ ।*

**ध्यानमग्नता**

नशा प्रयोगकर्ताको सम्पूर्ण ध्यान नशा प्राप्ति तिर गए जस्तै परिवारका सदस्यहरूको सम्पूर्ण ध्यान उसप्रति गएको हुन्छ । उ व्यक्ति बिहान उठेदेखि बेलुका घर नफर्केसम्म सबैको ध्यान उसैप्रति हुन्छ, जसले गर्दा उनीहरूले आफ्नो आवश्यकताप्रति ध्यान दिन बिर्सिन्छन् । विस्तारै-विस्तारै उनीहरूको जीवन पनि प्रयोगकर्ताको जीवनसँग मेल खाने खालको हुँदै जान्छ । प्रयोगकर्तासँगको लामो समयको उठबसले उसले कति खेर के गर्छ भन्ने कुरा उनीहरूलाई थाहा हुन्छ । प्रयोगकर्ताले दैनिक रूपमा सामान खोज्ने, पैसाको जोहो गर्ने, नभेटे लडाई झगडा गर्ने, घरका सामान तोडफोड गर्ने र के कस्ता साथीहरूसँग सङ्गत गर्छन् भन्ने तर्फ उनीहरूको ध्यान गएको हुन्छ ।

**मोलमोलाइ गर्ने**

लागुऔषध प्रयोगकर्ताहरू नशा प्रयोग गर्ने बानी छाड्न परिवारसँग मोलमोलाइ गरिरहेका हुन्छन् । अर्को स्कुलमा मलाई भर्ना गराई दिनुस्, नयाँ मोटर साइकल, महँगो मोबाइल किनिदिनुस् अथवा फलानो या ढिस्काना पाए आफै छाडिदिन्छु । अर्कोतर्फ परिवारले पनि तिमीले लागुऔषध प्रयोग गर्न छाडेमा हामी तिम्रो लागि जे पनि गरी दिन्छौ, तिम्रो स्कुलमा गएर प्रिन्सिपल सरलाई केही दिन देखि बिरामी भएकोले स्कुल नआएको भनी दिन्छौं, यदि तिमीले नशा सेवन गर्न छाड्यौ भने । परिवारको यस प्रकारको मोलमोलाइको उद्देश्य भनेको उसलाई नशा प्रयोगबाट टाढा राख्नु नै हो तर यस्तो मोलमोलाइले आखिरमा केही काम गर्दैन र यसले उल्टो उनीहरूलाई निराश र उदासीन बनाई दिन्छ ।

**उदासीनता**

उसले पटक-पटक गरेको प्रतिज्ञा, मोलमोलाइहरू र साथै केही समय नशा रहित भएर बसेका अवधिले परिवारजनमा एक किसिमको आशा र उमङ्ग जगाउँदछ । तर, केही समयपछि उसको नशा प्रयोगले आशा, उमङ्ग भताभुङ्ग पारिदिन्छ । तिनीहरू जो उसँग नजिक छन्, विस्तारै-विस्तारै निराशाको खाडलमा पर्न जान्छन् । धेरै समयको प्रयास पछि पनि उसको दुर्व्यसनलाई नियन्त्रणमा राख्न नसक्दा परिवारमा डर, चिन्ता, त्रास भइरहेको हुन्छ ।

**दबिएका रिस**

सुरु सुरुका दिनहरूमा दुर्व्यसनीको परिवारका सदस्यहरू रिसको भावनालाई मनभित्रै दबाएर राख्छन् । रिस राग देखाउँदा प्रयोगकर्ताहरू रिसाएर झन् बढी प्रयोग गर्ने पो हो कि भनी शान्त भई दिन्छन् । उसले भनेबमोजिम नै गर्दै जान्छन् तर यसले रतिभर काम गर्दैन । उसको प्रयोगको मात्रा झन् झन् बढ्दै जान्छ र उसको व्यवहारहरू पनि असामान्य बन्दै जान्छ । परिवारजनको अथक प्रयास पछि पनि उसमा केही सुधार नआएपछि उनीहरू भित्र भित्रै क्रोधित र रिस रागको भण्डारणमा परिणत हुँदै जान्छन् ।

एक्लिँदै जाने प्रयोगकर्ताको एकोहोरो रेखदेख र अटुट चिन्ताले परिवारहरू आजित भैसकेका हुन्छन् । दुर्व्यसनी झन्-झन् अनियन्त्रित र कमजोर हुँदै जान्छ । परिवारमा उदासीनता छाउँदै जान्छ । परिवारका सदस्यहरू कुनै जमघटमा सम्मिलित हुन चाहँदैनन् किनभने उसैको विषयमा प्रश्न गर्छन् भन्ने डर मनमा सधैं रहिरहन्छ । परिवारजनले ढाकछोप र झुटो व्यवहार गर्दा गर्दै थकित भैसकेका हुन्छन् । अब परिवार विस्तारै-विस्तारै समाजबाट एक्लिँदै जान्छ । जीवनको भोगाई अत्यन्त कष्टकर बन्दै जान्छ र उनीहरूको समस्या कसैले नबुझेको भान हुन्छ ।

**व्यक्तित्वमा परिवर्तन**

लागुऔषध प्रयोगकर्ताको घर परिवार तथा अभिभावकहरू सुरुका दिनहरूमा सामाजिक, दयालु, सहयोगी तथा धैर्यवान हुन्छन् । दुनियाँले राम्रो व्यक्तित्व भएको मान्छे भनेर गुण गान गाउँछन् । तर, त्यो परिवारमा एक जना सदस्य लागुऔषधको दलदलमा फस्दै जान्छ र परिवारले धेरै प्रयास गर्दा पनि नशा सेवनबाट मुक्त गराउन सक्दैन । उसले गर्दा परिवारमा आफसे आफ व्यक्तित्व परिवर्तन हुँदै जान्छ । तनावपूर्ण पारिवारिक वातावरणसँग जुध्दा सकारात्मक पक्षहरू हराउँदै जान्छ । एक्कासि रिसाहा, क्रोधित र झगडालु स्वभावको हुँदै जान्छ । लागुऔषधमाथि निर्भर व्यक्तिको जस्तो व्यवहार उनीहरूको पनि त्यस्तै हुँदै जान्छ ।

### *रोकथामका निम्ति गर्नुपर्ने पहल*

लागुऔषध दुर्व्यसनीको अवस्था एक रोग हो । यस्तो अवस्थाले व्यक्तिलाई बिस्तारै समाजबाट अलग गर्दै लैजान्छ र त्यसले सामाजिक विचलन र अपराध नै निम्त्याउने गर्छ । त्यसकारण लागु पदार्थ दुर्व्यसन रोकथामको प्रभावकारी उपाय भनेको कुनै पनि बालक वा वयस्क उमेरका युवा-युवतीलाई पहिले उसलाई लागु पदार्थका दुर्व्यसनीको सम्पर्कमा आउनबाट कसरी बचाउने र रोक्ने भन्नेमा ध्यान जानु जरुरी छ । लागु औषध दुर्व्यसनमा फसेका व्यक्तिहरूलाई दुर्व्यसनबाट छुटाउन सबैको सहयोग आवश्यक छ । घरभित्र पारिवारिक सदस्य, बाहिर समाज र राज्यको भूमिका आवश्यक छ । गृह मन्त्रालयको तथ्यांकअनुसार अहिले देशभर २४० भन्दा बढी उपचार तथा पुनर्स्थापना केन्द्रहरू सञ्चालनमा रहेका छन् । ती केन्द्रहरूमा विभिन्न वैज्ञानिक विधिको प्रयोग गरेर डिटक्सिफाइ गर्ने गरिन्छ । विशेषज्ञ चिकित्सकको सल्लाहमा उपयुक्त औषधिको प्रयोग पनि गर्ने गरिन्छ । छुटाउन नसक्ने दुर्व्यसनीमा पुनर्स्थापना केन्द्रको सहयोग लिएर उपचार गर्नु आवश्यक छ ।

## सामाजिक सञ्जाल



**- सूर्यराज आचार्य**

आफ्नै सोच, क्षमता र प्रयासका आधारमा जो कोहीले एउटा तहसम्मको प्रगति र खुसी हासिल गर्न सक्छ । तर, निश्चित तहभन्दा माथिको प्रगति र खुसीका लागि राष्ट्र र समाजको प्रगति पनि आवश्यक हुन्छ । विपन्न मुलुकको सम्पन्न नागरिक बन्न त्यति सहज हुँदैन ।



**- राधाकृष्ण कटवाल**

राप्रपाले संघीयता खारेजी गरौं, संघीयता चाहिँदैन भन्नू अगाडि प्रदेश सांसद र कोसी प्रदेशसभाको सभामुखबाट राजीनामा गराउनु पर्दछ । हैन भने संघीयताको विरोधको कुनै अर्थ छैन । राप्रपा संघीयता विरोधी पार्टी हुन सक्दैन । तलब भत्ता बुझेर संघीयताको विरोध गरेर जनतालाई भ्रममा पार्न मिल्दैन ।



**- सेतेमान तामाङ**

हरेक मानिसको जीवनमा न कसैसँग हार्नुपर्ने हुन्छ, न कसैसँग जित्नुपर्ने हुन्छ, न कसैसँग झुक्नुपर्ने हुन्छ र न कसैसँग बदला लिनुपर्ने हुन्छ । केवल बदलिँदो समयको गतिसँग कुद्न पाए, बुझ्न सके र जिउन पुगे मानिसको जीवन सार्थक र आनन्दमय हुन्छ । आखिर जीत, हार, बदला भन्ने विषय मनको अतृप्त मात्रै हो ।



**- कृष्ण घिमिरे**

मलाई अध्यक्ष भइरहन मन छैन तर, स्वाट्ट छाड्न सक्दिनँ । सिस्टम र सेट बनाएर मात्रै नेतृत्व छोड्न उपयुक्त होला, प्रचण्डले भनेछन् । ३६ वर्षसम्म के सिस्टम बनाएछन् त ? खुमलटार, बालुवाटारको फन्को लत, सरकारी खर्चमा आफूले मात्र नभएर परिवारको समेत रजगज कसरी त्याग्ने ?

# कहिले रोकिएला मानव बेचबिखन ?

आलेख



● सुशील दर्नाल

रामेछापकी ४० वर्षीय चमेली लामा (नाम परिवर्तित) गत साल विदेश जाने निर्णय गरिन् । तर, दलालले भारत हुँदै कुवेत पुऱ्याउँछु भनेर भारतको वेश्यालयमा पुऱ्यायो । तर, भाग्यवश उनले केही सहयोग पाइन । जसको प्रतिफल उनी अहिले नेपाल फर्किएकी छिन् । अहिले उजेलीको जीवन फेरिएको छ । दलालको लैलैमा लागेर विदेश जाने जाने प्रलोभनमा परी चमेली जस्तै धेरै नेपाली चेलीहरूको बिचल्ली भएको छ ।

मानव बेचबिखन तथा ओसारपसार एक बहु आयामिक, बहुक्षेत्रगत एवम् विश्वव्यापी समस्याको रूपमा रहेको छ । यद्यपि, सूचना, सञ्चार प्रविधिको विकाससँगै यसको स्वरूप फेरिएको छ । त्यसमा पनि अशिक्षित, विपन्न वर्गलगायत महिला तथा बालबालिकाको बेचबिखन तथा ओसारपसार बढी मात्रामा हुने गरेको छ । मानव बेचबिखन तथा ओसारपसारको कार्यलाई समाजको एक जघन्य अपराधको रूपमा लिने गरिन्छ । नेपाल सरकारले मानव बेचबिखन उन्मूलनका लागि न्यूनतम मापदण्ड पूर्ण रूपमा पुरा नगरे तापनि त्यसतर्फ उल्लेखनीय प्रयास भने गरिरहेको छ । वैदेशिक कामदारहरूलाई शोषणबाट जोगाउन सरकारले केही उपायहरूसहित नेपाली वैदेशिक कामदारहरूलाई छनौट शुल्क र सम्बन्धित खर्च भुक्तानी गर्न दिँदै आएको छ । साथै, मानव बेचबिखन रोकथामका लागि सरकारले सचेतनका कार्यक्रम गर्नुका साथै विभिन्न नाकामा कडाइ गर्दै आएको छ ।

सरकारले मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐनलाई कार्यान्वयन गर्न सक्दो प्रयास गरिरहेको छ । एकातिर नेपाल प्रहरीले विशेष अप्रेसन नै बनाएर काम गरिरहेको छ भने अर्कोतिर सरकारका विभिन्न अङ्गहरूले पनि कडाइपूर्वक कार्य गरिरहेका छन् । यस्ता घटनामा जिल्ला तहका अदालतहरूले पनि द्रुत गतिमा मुद्दाहरू टुङ्ग्याएका छन् । तर, पनि मानव बेचबिखन रोकिएको छैन । यसमा न्यूनीकरण आउन सकेको छैन ।

नेपालमा सङ्घीयताको बहालीपश्चात् केही पालिकाहरूले बेचबिखनविरुद्धका स्थानीय समन्वय समितिहरू गठन गरेका छन् । यद्यपि, बेचबिखनविरुद्धका स्थानीय समन्वय समितिहरू कानुनद्वारा अनिवार्य गरिएका थिएनन् र तिनले राष्ट्रिय स्तरबाट कोष प्राप्त गरेनन्, जसका कारण बेचबिखनविरुद्ध राष्ट्रिय स्तरभन्दा तलका कामहरू सीमित भए ।

आजको आधुनिक युगमा पनि मानिसले मानिसलाई नै बेचबिखन गर्ने जस्तो घृणित कार्य यस धर्तीमा फस्टाउँदै जानु कथित सभ्य समाजको कलङ्क हो । अशिक्षा र रोजगारीको अवसर नहुँदा मानिस बेचबिखनको सिकार भएका छन् । घरेलु हिंसा महिलाहरू बेचिने अर्को कारण हो । घरमा श्रीमान् र उनका परिवारले हेला गर्ने, कुटपिट गर्ने, र छोराछोरी लिएर अलग बस्ने बाध्यता भएका महिलाहरू यसको सिकार हुन्छन् ।

हिंसामा परेकाहरू सधैँ अवसरको खोजीमा हुन्छन् । उनीहरूलाई कसैले प्रलोभनसहित अवसर देखायो भने ती महिलाहरू चाडै त्यस्ता दलालको पन्जामा पर्छन् । रोजगारीका लागि जाने व्यक्तिलाई शिक्षा दिने, गलत बाटोबाट जाँदा पर्ने असरका बारेमा जानकारी गराउने गर्नुपर्छ ।

व्यक्तिगत तवरबाट आफू सचेत रही परिवार र साथीहरू सबैलाई सचेतना फैलाउने, शङ्कास्पद व्यक्ति र जोखिममा रहेका व्यक्तिहरूको बारेमा निगरानी राख्ने परामर्श दिने र आवश्यकताअनुसार सम्बन्धित निकायसँग समन्वय गर्ने र चोक, चौतारा पसलमा समेत मानव बेचबिखन विरुद्ध छलफल एवम् बहस सञ्चालन गर्नेलगायतका कार्य गरिनु आवश्यक छ ।

सामूहिक रूपमा मानव बेचबिखनको जोखिममा रहेका समुदाय र क्षेत्र पहिचान गरी मानव बेचबिखन रोकथामका लागि अन्तरक्रिया, सडक नाटक, ऱ्याली, घरदैलो जस्ता कार्यक्रमहरू गर्ने, मानव बेचबिखनविरुद्ध क्रियाशील सरकारी र गैर सरकारी संघ-संस्थाहरूसँग समन्वय गर्ने, पीडित प्रभावितहरूलाई आवश्यक सहयोग र परामर्श प्रदान गर्ने, हिंसामा परेका पीडित प्रभावितलाई आत्म सम्मानपूर्वक बाँच्न पाउने वातावरण सृजना गर्दै पुनर्स्थापनाका लागि क्रियाशील रहने, मानव बेचबिखनका मुद्दा अनुसन्धान गर्ने प्रहरीलाई यसका बारेमा धेरै ज्ञान दिन जरुरी छ । उनीहरूलाई बेचबिखन सम्बन्धी अपराधको गाम्भीर्यता बुझाउन जरुरी छ ।

बेचबिखन रोक्न समाजमा चेतना फैलाउन जरुरी छ । विद्यालयदेखि नै बालबालिकालाई यसका बारेमा शिक्षित गराउनु पर्दछ । पाठ्यपुस्तकमा समावेश गरेर आफू कसरी बच्ने र अरूलाई पनि कसरी बचाउने भन्ने कुरा सिकाउन जरुरी छ । समाजमा तुरुन्तै लागु गर्न सकिने किसिमका पाठ्यसामग्रीहरू समावेश गर्न जरुरी छ । भारतीय सीमा नाकाहरुमा संघ संस्था र नागरिक समाजसँग मिलेर निगरानी प्रभावकारी बनाउनुका साथै अनुसन्धान पद्धतिमा व्यापक सुधार गरी विज्ञ समूह खडा गर्ने र विशेष अनुसन्धान पद्धति लागू गरिनु आवश्यक छ ।

## तपाईंको राशिफल

| | | |
|---|---|---|
| मेष | : | स्वास्थ्य राम्रो रहनेछ । शान्त र आनन्दित रहने योग छ । |
| वृष | : | विवादमा पर्ने योग छ । राजनैतिक सहयोग प्राप्त हुनेछ । |
| मिथुन | : | धन-लाभमा कमी आउनेछ । अनावश्यक काममा समय खर्च हुनेछ । |
| कर्कट | : | कार्य सफल हुनेछ । जोखिम लिनु हुँदैन । |
| सिंह | : | पुरानो कार्यहरूको रोकावट समाप्त हुनेछ । शत्रु कमजोर हुनेछन् । |
| कन्या | : | सम्पर्कमा वृद्धि हुनेछ । झुटो आरोप लाग्न सक्छ । |
| तुला | : | अर्कामाथि भरोसा नगर्नुहोला । पैतृक सम्पत्ति प्राप्तिको योग छ । |
| वृश्चिक | : | नौलो मित्र बन्नेछन् । वाहन चलाउँदा सावधानी राख्नुपर्छ । |
| धनु | : | शुभ समाचार प्राप्त हुनेछ । धन वृद्धि हुने योग छ । |
| मकर | : | वाणी संयम राख्नुहोला । नोक्सान हुने योग छ । |
| कुम्भ | : | व्यापारिक कार्यमा लाभ मिल्नेछ । आहारमा ध्यान दिनुपर्छ । |
| मीन | : | अनावश्यक खर्चको योग छ । पारिवारिक सहयोग भने प्राप्त हुनेछ । |



*आचार्य श्री स्वामी ध्रुव (माइन्ड मैनेजमेन्ट गुरू)*
*इन्टरनेशनल एस्टोलोजिकल फोरम ।*
*सानेपा, काठमाडौं, नेपाल,*
*फोन : ९८४१५९२५५२,*
*इमेल : dhruvswamig@gmail.com*

# तालिबानद्वारा महिलालाई सार्वजनिक रुपमा बोल्न र अनुहार देखाउन प्रतिबन्ध

**काठमाडौं/एजेन्सी–** तालिबान सरकारको मन्त्रालयले महिलालाई सार्वजनिकरुपमा बोल्न र अनुहार देखाउन प्रतिबन्ध गर्ने नयाँ कानून लागू गरेको ग्लोबल न्यूजले जनाएको छ। यो कानूनले अफगानिस्तानमा महिलाको जीवन अझ सीमित गर्ने भएको छ।

अफगानिस्तानमा तालिबानको कब्जापछि सन् २०२१ मा स्थापना भएको सद्‌गुणको प्रचार र दुराचारको रोकथाम मन्त्रालयले बुधबार नयाँ कानून जारी गरेको हो। एक सय १४ पृष्ठको कानूनी दस्तावेजले अफगानिस्तानको सार्वजनिक जीवनका पक्षहरुलाई समेटेको छ।

मन्त्रालयका प्रवक्ता मौलवी अब्दुल गफर फारुकले बिहीबार भने, 'हामी आश्वासन दिन्छौं कि यो इस्लामिक कानूनले सद्‌गुणको प्रवर्द्धन र दुराचार उन्मूलनमा ठूलो मद्दत गर्नेछ।'



दस्तावेजको धारा १३ मा महिलाले सार्वजनिक रुपमा प्रस्तुत हुँदा कसरी लुगा लगाउनु पर्छ र कस्तो व्यवहार गर्नुपर्छ भन्ने कुराको व्याख्या गरिएको छ। महिलाले आफू प्रलोभनमा नपर्न र अरुलाई प्रलोभनमा नपार्न सार्वजनिकरुपमा प्रस्तुत हुँदा अनुहारसहित आफ्नो सम्पूर्ण शरीर ढाक्न आवश्यक रहेको नयाँ कानूनले जनाएको छ। महिलाहरुले सामान्यतया लगाउने हिजाब जसले कपाल र घाँटी मात्र ढाक्छ अब नयाँ कानूनअनुसार स्वीकार्य नभएको ग्लोबल न्यूजले जनाएको छ।

महिलाको आवाज बढी 'लालाहित' हुने व्याख्या गर्दै नयाँ कानूनले अब महिलालाई सार्वजनिक रुपमा गाउन वा चर्को स्वरमा बोल्न निषेध गरेको छ। महिलालाई रगत वा विवाहद्वारा सम्बन्धित नभएका पुरुषलाई हेर्ने अनुमति नभएको व्याख्या नयाँ कानूनले गरेको छ।

यी नियमहरु उल्लंघन गर्दा सजायस्वरुप सम्पत्ति जफत वा तीन दिनसम्म हिरासतमा राख्न सकिने चेतावनी दिइएको छ। मन्त्रालयले पहिले नै समान नैतिक मापदण्डहरु लागू गर्दै यसको उल्लंघनका लागि हजारौंलाई हिरासतमा लिएको छ।

ह्युमन राइट्स वाचको महिला अधिकार विभागका सहयोगी निर्देशक हिथर बारले नयाँ नियमको टिप्पणी गर्दै भने, 'यी नियमहरु पहिले नै थिए तर औपचारिक थिएनन्, अब औपचारिक बनाइएको छ। मलाई लाग्छ यो हामीले विगत तीन वर्षदेखि देखिरहेका कुराको संकेत हो, दमनको क्रमिक वृद्धि हो।'

तालिबानले अफगानिस्तान कब्जा गरेदेखि महिलाको स्वतन्त्रतामा कडा प्रतिबन्ध लगाउदै आएको छ। सन् २०२२ मा तालिबानले महिलाहरुलाई छैटौं कक्षाभन्दा माथि विद्यालय जानबाट प्रतिबन्ध लगाएको थियो।

त्यसैगरी सन् २०२२ मा तालिबानले महिलालाई गैरसरकारी संस्था (एनजिओ) मा काम गर्न प्रतिबन्ध लगाएको थियो। ग्लोबल न्यूजसँग कुरा गर्ने एक महिलाले एनजिओमा जागिर गुमाएपछि आफ्नो परिवार गरिबीमा डुबेको बताएकी छन्।

'म मेरो परिवारको आर्थिक भार बोक्ने एकमात्र आधार हुँ। हामी परिवारमा चार जना मात्रै छौं: म, मेरी बहिनी र मेरा आमाबाबु। मेरो बुबा अहिले बिरामी हुनुहुन्छ। हामीलाई बिहान बेलुका खान पनि समस्या छ,' उनले भनिन्।

महिलामाथि लगाइएको नयाँ प्रतिबन्धका अतिरिक्त बुधबार पारित भएको कानूनले संगीत बजाउन पनि निषेध गरेको छ। यसले पुरुषलाई दाह्री काट्न पनि निषेध गरेको छ। यस कानूनले चालकहरुलाई पुरुष अभिभावकबिना महिलालाई ओसारपसार गर्न निषेध गरेको छ।

गत महिना संयुक्त राष्ट्रसंघको एक प्रतिवेदनले मन्त्रालयले आफ्नो आदेश र कार्यान्वयन विधिमार्फत अफगानीबीच डर र धम्कीको वातावरणलाई बढावा दिइरहेको संकेत गरेको थियो। तालिबानले संयुक्त राष्ट्रसंघको प्रतिवेदनलाई अस्वीकार गरेको छ।

# मोदी पोल्याण्ड र युक्रेनको भ्रमण सकेर स्वदेश फिर्ता

**काठमाडौं/एजेन्सी–** भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी पोल्याण्ड र युक्रेनको दुई देशको भ्रमणपछि स्वदेश फिर्ता भएका छन्। भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको पोल्याण्ड भ्रमण ४५ वर्षपछि भएको हो।



उनले दुई दिने युरोप भ्रमणका क्रममा युक्रेनको पनि भ्रमण गरेका छन्। युक्रेन भ्रमण गर्ने उनी पहिलो पदबहाल भारतीय प्रधानमन्त्री हुन्।

युक्रेन भ्रमणका क्रममा प्रधानमन्त्री मोदी र राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले संयुक्त राष्ट्रसंघको बडापत्रलगायत क्षेत्रीय अखण्डता र राष्ट्रको सार्वभौमिकताजस्ता अन्तर्राष्ट्रिय कानुनका सिद्धान्तहरु लागु गर्न आफू तयार रहेको बताएका थिए।

यस सम्बन्धमा घनिष्ठ द्विपक्षीय वार्ताको वाञ्छनीयतामा उनीहरु सहमत भएका छन्। भारतीय पक्षले आफ्नो सैद्धान्तिक अडान दोहोऱ्याउँदै वार्ता र कूटनीतिको माध्यमबाट शान्तिपूर्ण समाधानमा ध्यान केन्द्रित गरेको छ। भारतले युक्रेनमा शान्तिका लागि जून २०२४ मा स्विट्जरल्याण्डको बर्गेनस्टकमा आयोजित शिखर सम्मेलनमा भाग लिएको थियो।

युक्रेनी पक्षले भारतको यस्तो सहभागिताको स्वागत गर्दै आगामी शान्ति शिखर सम्मेलनमा भारतको उच्चस्तरीय सहभागिताको महत्वमाथि प्रकाश पारेको छ। भ्रमणका क्रममा भारत र युक्रेनले चार वटा सम्झौतामा हस्ताक्षर गरेका छन्।

पोल्याण्ड भ्रमणका क्रममा प्रधानमन्त्री मोदीले आफ्ना समकक्षी डोनाल्ड टस्कसँग द्विपक्षीय छलफल गरेको र दुई देशले आफ्नो सम्बन्धलाई 'रणनीतिक साझेदारी'मा रुपान्तरण गर्ने निर्णय गरेका छन्। दुवै नेताले युक्रेनमा जारी युद्ध र यसको भयानक र दुःखद मानवीय परिणामप्रति गहिरो चिन्ता व्यक्त गरेका छन्।

उनीहरुले सार्वभौमिकता र क्षेत्रीय अखण्डताको सम्मानसहित संयुक्त राष्ट्रसंघको बडापत्रका उद्देश्य र सिद्धान्तअनुरुप अन्तर्राष्ट्रिय कानूनबमोजिम व्यापक, न्यायोचित र दिगो शान्तिको आवश्यकतालाई दोहोऱ्याएका छन्।

# डब्लुएचओद्वारा एमपक्स नियन्त्रण योजनाको घोषणा

**काठमाडौं/एजेन्सी–** विश्व स्वास्थ्य संगठन (डब्लुएचओ)ले शुक्रबार एमपोक्स भाइरसको नयाँ अधिक संक्रामक 'क्लेड१बी' भेरियन्ट नियन्त्रणका लागि आगामी छ महिनामा कम्तिमा १३ करोड ५० लाख अमेरिकी डलर लागतको प्रकोप नियन्त्रण योजना घोषणा गरेको छ।





डब्लुएचओका महानिर्देशक टेड्रोस एड्हानोम गेब्रेयससले डब्ल्यूएचओका सदस्य राष्ट्रहरुलाई सम्बोधन गर्दै भने, 'एमपोक्सको नियन्त्रण सम्भव छ भन्ने कुरा स्पष्ट छ, तर यसका लागि अन्तर्राष्ट्रिय सहकार्य आवश्यक छ।'

यो छ महिना अवधिको प्रकोप नियन्त्रण योजनाका लागि १३ करोड ५० लाख अमेरिकी डलर आवश्यक पर्ने उनले बताए। एमपक्सको बढ्दो संक्रमणलाई मध्यनजर गर्दै गत हप्ता डब्लुएचओले यसलाई सार्वजनिक स्वास्थ्य आपतकाल घोषणा गरेको हो।

# रुस र युक्रेनबीच २३० युद्धबन्दी आदानप्रदान

**काठमाडौं/एजेन्सी–** रुसको कुर्स्क क्षेत्रमा किएभले अचानक आक्रमण गरेको दुई साता नबित्दै रुस र युक्रेनले शनिबार २३० जना युद्धबन्दीको आदानप्रदान गरेको घोषणा गरेका छन्। आदानप्रदानमा दुवैतर्फका बराबर युद्धबन्दी रिहा भएका मध्यस्थकर्ता संयुक्त अरब इमिरेट्स (यूएई)ले जानकारी गराएको छ।



कुर्स्कमा युक्रेनले आफ्नो आक्रमण बढाउँदै गर्दा र रुसले पूर्वी युक्रेनी शहरलक्षित आक्रमणको तयारी गरिरहेको समाचार आइरहेका समय यो आदानप्रदान भएको हो। युक्रेनी स्वतन्त्रता दिवसमा पनि यस्तो आदानप्रदान भएको थियो।

दुवै देशले कैदी अदलाबदली सम्झौतामा मध्यस्थता गरेको युएईप्रति आभार प्रकट गरेका छन्। 'हाम्रा अन्य ११५ देशभक्त सुरक्षाकर्मी आज घर फर्किसकेका छन्,' युक्रेनका राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले भने। 'यी सैनिकहरु नेशनल गार्ड, आर्म्ड फोर्सेज, नेभी, स्टेट बोर्डर गार्ड सर्भिसका सैनिक हुन्,' उनले युक्रेनको झण्डा बेरेर बसेका मानिसहरुको फोटोसहित जारी गरेको सन्देशमा भनेका छन्।

किएभले गत अगष्ट ६ मा भएको कुर्स्क आक्रमणमा सयौं रुसी सैनिकलाई बन्धक बनाएको यसअघि बताएको थियो। मस्कोले उक्त आदानप्रदानको पुष्टि गर्दै कुस्कमा बन्दी बनाइएका ११५ सैनिकलाई फिर्ता गरिएको जनाएको छ।

रुसी रक्षा मन्त्रालयले भनेको छ, 'वार्ता प्रक्रियाको परिणामस्वरुप कुर्स्क क्षेत्रमा बन्दी बनाइएका ११५ जना रुसी सैनिकलाई किएभ शासनको नियन्त्रणमा रहेको इलाकाबाट फिर्ता गरिएको छ।'

'ती सैनिकहरु अहिले छिमेकी बेलारुसमा रहेका छन्, उनीहरुलाई मनोवैज्ञानिक-चिकित्सा सहायता प्राप्त भइरहेको छ र चाँडै नै उनीहरुलाई स्वदेश ल्याइनेछ,' मन्त्रालयले भनेको छ।

यूएईले रुसी संघ र गणतन्त्र युक्रेनबीच नयाँ बन्दी आदानप्रदानमा सफलतापूर्वक मध्यस्थता गरेको जनाएको छ। किएभ र मस्कोबीच दुई वर्षभन्दा लामो युद्ध जारी रहेपनि युद्धका क्रममा विपक्षीको नियन्त्रणमा गएका कैदीहरुको पटक पटक आदानप्रदान पनि हुँदै आएको छ।

# जर्मनीमा आयोजित महोत्सवमा छुरा आक्रमण, तीन जनाको मृत्यु



**काठमाडौं/एजेन्सी–** पश्चिमी जर्मनीको सोलिनजेन सहरमा शुक्रबार आयोजित एक उत्सवमा छुरा आक्रमण हुँदा तीन जनाको मृत्यु हुनुका साथै चार जना गम्भीर घाइते भएको प्रहरीले जनाएको छ।

प्रहरीले संदिग्ध आक्रमणकारीको खोजी जारी राखेको बताएको छ। 'अहिलेसम्म आतङ्ककारीबारे कुनै विस्तृत विवरण छैन, प्रहरीले फोटो र भिडियोसहित अनलाईन पोर्टलमार्फत शुक्रबार राती भएको आक्रमणको जानकारी खोजिरहेको छ,' डुसेलडोर्फ सहरका एक प्रहरी प्रवक्ताले बताए।

आक्रमणको लगत्तै विशेष प्रहरी बलको टोली हेलिकप्टरसहित घटनास्थलमा पुगेको थियो। आक्रमणकारीले मानिसहरुलाई अन्धाधुन्ध छुरा प्रहार गरेको बिल्ड दैनिकले जनाएको छ। सोलिनजेन सहरको ६५०औं वार्षिकोत्सवका अवसरमा आयोजित महोत्सवमा यो आक्रमण भएको हो।

सोलिनजेनका मेयर टिम-ओलिभर कुर्जबाचले घटनाबाट सम्पूर्ण सहर स्तब्ध भएको बताए। 'हामी सबै मिलेर सहरको वार्षिकोत्सव मनाउन चाहन्थ्यौं तर अहिले यस अप्रिय घटनामा मृत्यु हुनेप्रति शोक व्यक्त गरिरहेका छौं,' कुर्जबाचले भने। कुर्जबाचले घटनास्थलमा गरेको कामको लागि आपतकालीन सेवालाई धन्यवाद दिनुभयो र आक्रमणको प्रत्यक्षदर्शीप्रति सहानुभूति प्रकट गरेका छन्।

# बाढीले विस्थापित करिब तीन लाख बंगलादेशी आपतकालीन आश्रयस्थलमा



**काठमाडौं/एजेन्सी–** भारी वर्षाले निम्त्याएको बाढीका कारण विस्थापित भएका करिब तीन लाख बंगलादेशी नागरिकले आपतकालीन आश्रयमा शरण लिइरहेको विपद् व्यवस्थापन अधिकारीहरुले शनिबार बताएका छन्।

भारी मनसुनी वर्षाका कारण यस हप्ताको शुरुदेखि बंगलादेश र भारतमा कम्तीमा ४२ जनाको मृत्यु भएको स्रोतले जनाएको छ। आफ्नो घर पूर्ण रुपमा डुबानमा परेकाले आश्रय स्थलमा बस्नु परेको भारतको त्रिपुरा राज्यको सीमा नजिकैको सबैभन्दा बढी प्रभावित जिल्लाका बासिन्दा लुफ्टन नाहरले फेनीको राहत आश्रय स्थलबाट बताए।

सयौं नदीहरुले घेरिएको बंगलादेशमा पछिल्लो समय बारम्बार बाढीले जनजीवन प्रवाभित पारिरहेको छ। बाढीका कारण राजधानी ढाकालगायत मुख्य बन्दरगाह सहर र चटगाँवबीचको राजमार्ग तथा रेलवेहरु क्षतिग्रस्त हुदाँ बाढी प्रभावित जिल्लामा पुग्न गाह्रो भएको छ भने व्यापारिक गतिविधिमा पनि बाधा पुगेको छ।

बाढीबाट सबैभन्दा बढी प्रभावित क्षेत्र कोक्स बजार हो, जहाँ छिमेकी म्यानमाका करिब दश लाख रोहिंग्या शरणार्थीहरुको बसोबास रहेको छ। विपद् व्यवस्थापन मन्त्रालयका सचिव मोहम्मद कामरुल अनुसार बंगलादेशमा बाढीका करण थप १८ जनाको मृत्यु भएको छ। उनले बाढीका कारण ४५ लाख मानिसको जनजीवन प्रभावित भएको र तीमध्ये दुई लाख ८५ हजार मानिसहरु आपतकालीन आश्रयमा बसिरहेको बताएका छन्।

## बेदकोट नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
**सिसैया, कञ्चनपुर**
**सुदूरपश्चिम प्रदेश, नेपाल**

**आ.व. २०८१/०८२ का लागि सडक सेवा शुल्क (पूर्व पश्चिम राजमार्ग बाहेक बेदकोट न.पा.बाट निर्मित/मर्मत गरिएका सबै शाखा सडक) संकलनको ठेक्का सम्बन्धि बोलपत्रको आह्वानको सूचना**

**प्रथम पटक प्रकाशित मिति : २०८१।०३।२६**
**दोस्रो पटक प्रकाशित मिति : २०८१।०५।०९**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ९ बमोजिम यस बेदकोट नगरपालिका, नगर कार्यपालिकाको कार्यालयको क्षेत्राधिकारभित्र पर्ने विभिन्न कर, शुल्क, दस्तुर संकलन गर्ने कार्यका लागि आ.व. २०८१।०८२ मा ठेक्का बन्दोबस्त गर्नुपर्ने भएको हुँदा देहायमा उल्लेखित शीर्षकमा आन्तरिक आय संकलनको ठेक्का बोल कबोल गर्न नियमानुसार दर्ता भएका फर्मलाई तोकिएको शर्तको अधिनमा रही सार्वजनिक खरिद अनुगमन कार्यालयको विद्युतीय पोर्टल www.bolpatra.gov.np माध्यम मार्फत दोस्रो पटक पेश गर्न यो सूचना जारी गरिएको छ।

**तपसिल**

| बोलपत्र/ठेक्का नं. | सडक सेवा शुल्क संकलन क्षेत्र | न्यूनतम ठेक्का मूल्य रु. (मु.अ.कर बाहेक) | बोलपत्र फाराम दस्तुर रु. | धरौटी रकम रु. |
|---|---|---|---|---|
| ०१/२०८१/०८२ | सडक सेवा शुल्क (पूर्व पश्चिम राजमार्ग बाहेक बेदकोट न.पा.बाट निर्मित/मर्मत गरिएका सबै शाखा सडक) | ३७,५०,०००।- | ३०००/- | कबोल अंकको ५ प्रतिशत |

**शर्तहरु**

१. बोलपत्र सम्बन्धी कागजातहरु रु. ३,०००।- (पछि फिर्ता नहुने गरी) बोलपत्र दस्तुर एन.आई.सी. एशिया बैंक, बेदकोट शाखामा रहेको राजश्व खाता नं. १८५२०५००२८२४०००२ मा रकम जम्मा गरेको सक्कल बैंक भौचर लिई सार्वजनिक खरिद अनुगमन कार्यालयको विद्युतीय पोर्टल www.bolpatra.gov.np/egp मार्फत आवेदन दिन सकिनेछ।

२. खरिद गरेको बोलपत्र मिति २०८१/०५/२४ गते दिनको १२:०० बजेसम्म सार्वजनिक खरिद अनुगमन कार्यालयको विद्युतीय पोर्टल www.bolpatra.gov.np/egp मार्फत दर्ता गरी सक्नुपर्नेछ। दर्ता भएका बोलपत्रहरु कार्यालय प्रतिनिधि तथा बोलपत्रदाता वा निजहरुका प्रतिनिधिहरुको रोहवरमा सोही दिनको अपरान्ह २:०० बजे खोलिनेछ। बोलपत्रदाता वा निजका प्रतिनिधिहरु उपस्थित नभएपनि बोलपत्र खोल्ने कार्यमा बाधा पर्नेछैन।

३. धरौटी (जमानत) बापत आफुले कबोल गरेका अंकको ५ प्रतिशतका दरले हुने रकम बेदकोट नगरपालिका, नगर कार्यपालिकाको एन.आई.सी. एशिया बैंक, बेदकोट शाखामा रहेको धरौटी खाता नं. I५CA०५२४२३२५२४०३ मा रकम नगदै जम्मा गरेको सक्कल बैंक भौचर वा बोलपत्र दाखिला गर्ने अन्तिम मितिबाट कम्तीमा १२० दिन म्याद भएको मान्यता प्राप्त वाणिज्य बैंक वा वित्तिय संस्थाबाट यस कार्यालयको नाममा जारी भएको विडबण्ड बोलपत्र साथ पेश गर्नु पर्नेछ।

४. बोलपत्र दाखिला गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा उक्त कार्यहरु क्रमशः लगत्तै कार्यालय खुलेको दिन हुनेछ।

५. आयकर लगायत स्थानीय कर र नेपाल सरकारलाई तिर्नु बुझाउन पर्ने सबै कर सम्बन्धित दरभाउपत्रदाताले स्वयं व्यहोर्नु पर्नेछ।

६. बोलपत्र कुनै कारण देखाई वा नदेखाई स्वीकृत गर्ने वा नगर्ने अधिकार कार्यालयमा निहित रहनेछ।

७. बोलपत्र सम्बन्धमा अन्य कुराहरु बुझ्नु परेमा यस कार्यालयमा सम्पर्क राखी बुझ्न सकिनेछ।

**प्रमुख प्रशासकीय अधिकृत**

# काभा भलिबल प्रतियोगितामा पदक विजेता चार टोली नगदसहित सम्मानित



**काठमाडौं/मस-** नेपाल भलिबल संघ (एनभीए)ले काभाको विभिन्न प्रतियोगितामा पदक जितेका चार भलिबल टोलीलाई शनिबार नगदसहित सम्मान गरेको छ। भलिबल संघले थापाथलीस्थित कार्की बैंक्युटमा कार्यक्रम आयोजना गर्दै काभा बिच भलिबलको स्वर्ण र रजत विजेता, काभा महिला भलिबल नेसन्स लिगको रजत विजेता र काभा यु-२० महिला भलिबल च्याम्पियनसिपको कांस्य विजेता टोलीलाई नगद पुरस्कार प्रदान गरेको हो।

यस्तै काठमाडौंमा भएको काभा महिला भलिबल नेसन्स लिगमा उपविजेता बनेको नेपाली टोलीका खेलाडीलाई जनही १ लाख २ हजार प्रदान गरिएको छ।

अरुणा शाहीको कप्तानीमा रहेको नेपाली महिला टोलीले पहिलो पटक भारतलाई हराएर इतिहास रचेको थियो तर फाइनलमा भने भारतसँग नै पराजित भएपछि नेपालले रजतमा सीमित भएको थियो।

काभा वुमन्स नेसन्स लिगका मुख्य प्रशिक्षक जगदिशप्रसाद भट्टले पनि नगद १ लाख २ हजार प्राप्त गरे। यस्तै सहायक प्रशिक्षक भरत यादवलाई ९२ हजार तथा लोकेन्द्र कुँवर र म्यानेजर निलम बज्राचार्यलाई जनही ८२ हजार प्रदान गरियो।

भुटानमा भएको काभा बिच भलिबलमा नेपालको महिला टोलीले स्वर्ण र पुरुष टोलीले रजत जितेको थियो। स्वर्ण विजेता कमला पुन र मनिषा चौधरीले जनही ६० हजार तथा रजत विजेता मानबहादुर श्रेष्ठ र दिल बहादुरसुनारले समान ३० हजार प्राप्त गरे। बिच भलिबल च्याम्पियनसिपमा दुवै टिमको प्रशिक्षक रहेका रुपेश विष्टले नगद ४० हजार प्राप्त गरे।

यस्तै माल्दिभ्समा भएको काभा यु-२० महिला भलिबल च्याम्पियनसिपमा कांस्य विजेता टोलीलाई जनही १५ हजार पुरस्कार प्रदान गरियो।

टोलीलाई राष्ट्रिय खेलकुद परिषद्का सदस्य-सचिव टंकलाल घिसिङ, नेपाल भलिबल संघका अध्यक्ष जितेन्द्र बहादुर चन्द, एनआरएनएका संस्थापक अध्यक्ष उपेन्द्र महतो, सहाना प्रधान स्मृति फाउण्डेसनकी अध्यक्ष रामकुमारी झाँक्रीलगायतले खेलाडीहरुलाई पुरस्कार वितरण गरेका थिए।

# पिनाकलले जित्यो अन्तरकलेज क्रिकेटको उपाधि

**काठमाडौं/मस-** एईसीसी प्रथम इन्टर कलेज इन्डोर क्रिकेट प्रतियोगिताको उपाधि पिनाकल एकेडेमीले जितेको छ। हाइप यति इभेन्ट्सको आयोजनामा सम्पन्न प्रतियोगिताको फाइनलमा पिनाकलले हिमालयन ह्वाइट हाउसलाई ४ रनले पराजित गर्‍यो।

चुनिखेल स्थित रोयल स्पोर्ट्स पार्कमा सम्पन्न खेलमा पिनाकलले दिएको ९९ रनको लक्ष्य पछ्याएको हिमालयन ह्वाइट हाउस कलेजले पूरा १० ओभर ब्याटिङ गर्दै ६ विकेट गुमाएर ९४ रन मात्र बनाउन सक्यो।

लक्ष्य पछ्याउने क्रममा हिमालयन ह्वाइट हाउसका लागि नितिश मोक्तानले सर्वाधिक ३८ रन बनाए। मोहम्मद रियाजले १८ रन बनाए। पिनाकलको बलिंगमा अभिषेक थापाले सर्वाधिक ३ विकेट लिए। प्लेयर अफ द फाइनलसमेत घोषित भएका थापाले ३ ओभरमा २२ रन खर्चिए। यस्तै अपराजित पौडेलले २ विकेट लिए।

त्यसअघि टस जितेर ब्याटिङ गरेको पिनाकलले निर्धारित १० ओभरमा ४ विकेट क्षेतीमा ९८ रन बनायो। पिनाकलका लागि अभिषेक थापाले सर्वाधिक २४ रन बनाए।यस्तै संदेश खड्काले १८, हिमाल बिस्टले १६ तथा अपराजित पौडेलले १३ रन बनाए। ह्वाइट हाउसका जीवन कार्कीले २ विकेट लिए।

विजेता पिनाकल कलेजले ५० हजार रुपैयाँ, उपविजेताले ३० हजार नगद सहित ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गरेका छन्।

# नेपालका भिजनलाई स्वर्ण



**काठमाडौं/एजेन्सी-** नेपालका भिजन तामाङले १४औं अन्तर ाष्ट्रिय ओपन फ्रेन्डसिप तेक्वान्दो च्याम्पियन्सिप (आईओएफटीसी) मा शनिबार स्वर्ण जितेका छन्।

अमेरिकाको पोर्टल्यान्डमा मुख्यालय रहेको आईओएफटीसीको आयोजनामा भएको प्रतियोगिताको पुरुष ४० केजीमुनि भिजनले स्वर्ण जितेका हुन्। दक्षिण कोरियाको क्युन्मिङ विश्वविद्यालयमा भिजनले सेमिफाइनलमा अमेरिका र फाइनलमा फिलिपिन्सका खेलाडीलाई पराजित गरी नेपाललाई स्वर्ण दिलाए। नेपालबाट सहभागी भिजन एक्लो खेलाडी हुन्। भजिन्द्र क्षेत्रीले भिजनको प्रशिक्षकको भूमिका निर्वाह गरेका थिए।

प्रतियोगितामा नेपालसहित ८ राष्ट्रका ६ सय ५० खेलाडीको सहभागिता रहेको बताइएको छ। प्रतियोगितामा अन्तर्राष्ट्रिय तेक्वान्दो निर्णायक अशोक खड्काले पनि खेल खेलाएका थिए। ग्योरोगी र पुम्सेमा गरी अशोकले ३ फाइनलसहित ९ खेल खेलाए। विजेतालाई आईओएफटीसीका निर्देशक दिवाकर महर्जन, प्रतियोगिता संयोजक राजु क्षेत्रीलगायतले एक कार्यक्रमबीच पुरस्कृत गरे।

# भ्याली पब्लिक र सत्य साइ सेमिफाइनलमा



**काठमाडौं/मस-** भ्याली पब्लिक र सत्य साइ १८ औं ग्रिनल्यान्ड अन्तरविद्यालय बास्केटबल प्रतियोगिताको जुनियर ब्वाइजमा शनिबार सेमिफाइनलमा प्रवेश गरेका छन्।

भ्याली पब्लिकले एन्जल्स हार्टलाई २७-२४ ले पराजित गर्‍यो। भ्याली पब्लिकको जितमा विशाल परियरले १३ अंक योगदान गरे। आकाश महतोको ८ अंक सहयोगमा सत्य साइले हिमरश्मिलाई २६-२२ ले हरायो। सोही स्पर्धामा लालीगुराँस नेसनल एकेडेमीले सेबलाई ३०-२४ तथा गोल्डेनपिकले ग्रिनफिल्डलाई २१-१६ ले पाखा लगाउँदै सेमिफाइनलमा पुगे। लालीगुराँसका सर्गम गुरुङले ११ तथा गोल्डेनपिकका अमन गुरुङले ८ अंक जोडे।

सिनियर गर्ल्समा आयोजक ग्रिनल्यान्डले इडेन ब्रिज एकेडेमी (इबीए) लाई २९-२४, भ्याली पब्लिकले विद्या आश्रमलाई २४-२०, फेरिल्यान्डले पारामाउन्टलाई २८-२४ र टीआईएले तेजस्वीलाई २३-१९ ले पाखा लगाउँदै सेमिफाइनलमा स्थान सुरक्षित गरे। ग्रिनल्यान्डकी अहाना खड्काले १२, भ्याली पब्लिककी लोरिशा गौचनले १३, फेरिल्यान्डकी कृतिका कटुवालले १२ र टीआईएकी सलिना क्षेत्रीले ८ स्कोर गरे।

सिनियर ब्वाइजमा कन्स्टिलेसनलले डीभीएलाई ४४-३३, एचएचसीएले ग्रिनल्यान्ड 'ए'लाई ६७-६२ र भ्याली पब्लिकले टीआईएलाई ४०-३३ ले पन्छ्याउदै सेमिफाइनल यात्रा तय गरे। कन्स्टिलेसनलका सुदिन तामाङले १४, एचएचसीएका डेविड राईले ३५ र भ्याली पब्लिकका सुनिल पौडेलले २० अंक बटुले।


हार्दिक बधाई तथा शुभकामना

ग्रीन डेभलपमेन्ट बैंक लिमिटेड
GREEN DEVELOPMENT BANK LTD
PARTNERING FOR PROSPERITY
Central Office: Pokhara-8, Sabhagriha chowk, Kaski
Phone No. 061-583590,583634, Email: info@greenbank.com.np
Website: www.greenbank.com.np
१२ औं वर्षमा प्रवेश

बैंकले एघारौं वर्ष पुरा गरी बाह्रौं वर्षमा प्रवेश गरेको सुखद् उपलक्ष्यमा उत्तरोत्तर प्रगतिको लागि हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछौं

prabhu Bank
Head Office, Babarmahal, Kathmandu
Tel. No:+977-1-5719000
SWIFT: PRVUNPKA|www.prabhubank.com
Baglung Branch, Ph.: 068-522630/31
Sabhagriha Chowk, Pokhara Branch, Ph.: 061-571086/87/88

PRIME COMMERCIAL BANK LTD.
प्राइम कमर्सियल बैंक लिमिटेड
Head Office:
Kamalpokhari,Kathmandu,Nepal
Ph.: 4423432/4423433/4423436 4425955
Web: www.primebank.com.np
Lakeside, Pokhara Branch, Ph.: 061-456024, 456025

साङ्ग्रिला डेभलपमेन्ट बैंक लि.
Shangri-la Development Bank Ltd.
केन्द्रिय कार्यालय, बालुवाटार, काठमाडौं - ४
टेलिफोन : ०१-४४२१८६१, ४४२१८६२,४४२१८६३
www.shangrilabank.com
Ranipauwa, Pokhara Branch, Ph.: 061-575951/576509

Sanima Bank
पो.ब.नं.: २०३९४, 'अलकापुरी', नक्साल, काठमाडौं
फोन: +९७७-१-४४२८९७९
फ्याक्स: +९७७-१-४४२८९६९
ईमेल: sanima@sanimabank.com
Newroad, Pokhara Branch, Ph.: 061-575042/43

ज्योति विकास बैंक लि.
JYOTI BIKASH BANK LTD.
More than a Bank
Corporate Office: X Block ,Kathmandu Plaza, Kamaladi Kathmandu, Nepal
+977-01-4168605/606/607/608
info@jbbl.com.np
Newroad, Pokhara Branch,Ph: 061-587960

सानिमा जिआईसी इन्स्योरेन्स लि.
Sanima GIC Insurance Ltd.
205 - Tangal Marg, Tangal, P.O. Box 1622, Kathmandu, Nepal
Phone: 01-4527101/103/170/171/172, E-mail: info@sgic.com.np
(साविक सानिमा जनरल इन्स्योरेन्स लि. र साविक जनरल इन्स्योरेन्स कम्पनी नेपाल लि. एक आपसमा गाभिएर बनेको बीमा कम्पनी ।)
Pokhara Branch, Ph.: 061-585300

SCT
SmartChoice Technologies Ltd.
Thirbam Sadak, Baluwatar, Kathmandu-4, Nepal
P.O. Box: 13162 | Phone: +977-01-4414166, 4414211, 4414155 |
Email: smartqr@sct.com.np| Web: www.sct.com.np

IGI PRUDENTIAL INSURANCE LIMITED
सुरक्षाको पूर्वाधार, भविष्यको आधार
प्रधान कार्यालय, नारायणचौर, नक्साल, काठमाडौं ।
फोन नम्बर: ४५११५१०, ४५११५२०,
Email: info@igiprudential.com |
Web: www.igiprudential.com
Pokhara Branch, Ph.: 061-585135

सिद्धार्थ प्रिमियर इन्स्योरेन्स लि.
Siddhartha Premier Insurance Ltd.
TRUST AND SECURITY
Head Office: Siddhartha Premier Bhawan, Babarmahal (Hanumansthan), Kathmandu, Nepal
P.O. Box 24876, Tel: +977-01-5705766, 5707190, 5705447
Fax: +977-01-5706776
Email: siddharthapremier@spil.com.np
Branch Office: Pokhara, Ph.: 061-582120

MANJUSHREE FINANCE LIMITED
मञ्जुश्री फाईनान्स लिमिटेड
Head office:Omkar Building,Second Floor
Naya Baneshwor, GPO Box :23170,Kathmandu,Nepal
Tel:01-4792517,4794170,4793185,Fax:01-4792534
Email:info@manjshreefinance.com.np
www.manjushreefinance.com.np
Branch Office: Newroad, Pokhara, Ph.: 061-574213/14

Ganesh Basnet
Managing Director
+977-9856008888
+977-9765622222
SAFE ZONE SECURITY PVT. LTD.
Pokhara-20, Kaski, Nepal
SAFETY BEGINS WITH TEAMWORK

ICFC
Head Office: Bhatbhateni, Kathmandu, Nepal
Ph.: 01-4425292, 01-4473052
E-mail: info@icfcbank.com
Branch office: Pokhara, Kaski
Ph.: 061-590466
www.icfcbank.com
ICFC FINANCE LIMITED

नेपाल इन्स्योरेन्स
नेपालकै पहिलो र विश्वसिलो
77 YEARS
Ameer Bhawan, 1st & 7th Floor, Ganeshthan, Kamaladi, Kathmandu, Nepal, P.O. Box: 3623,
Tel : 5321353, 5328690, 5345565/68
Fax : 977-1-5325446
Email: nic@nepalinsurance.com.np
Branch Office: Pokhara, Ph.: 061-573083

मुक्तिनाथ क्यापिटल लि.
MUKTINATH CAPITAL LTD.
A Subsidiary of Muktinath Bikas Bank Ltd.
Narayanchaur, Naxal, Kathmandu, Nepal
Ph.: +977-1-4546108, 4546109, 4546470
info@muktinathcapital.com

prabhu Money Transfer
Toll Free No.: 1660-01-44444
www.prabhumoneytransfer.com.np

सलिको SALICO
सगरमाथा लुम्बिनी इन्स्योरेन्स कम्पनी लिमिटेड
SAGARMATHA LUMBINI INSURANCE COMPANY LIMITED

NepalRemit INTERNATIONAL PVT LTD
नेपालरेमिट

Er.: Nabin Devkota
Moon Shine Engineering Pvt Ltd
Gaidakot-5, Nawalparasi
Mob.: 9845075155

Er.: Bikendra Kumar Tajhya
Tajhya Engineering Consultancy Pvt Ltd
Pokhara-9, Kaski
Mob.: 9856029761

Narayan Pandey
Managing Director
Elite infosys

Er. Krishna Sapkota
Lalpurja Engineering Solution Pvt. Ltd.
Pokhara-6, Baidan, Kaski
Mob.: 9856012885

Er.: Amod Bhattarai/ Er. Amrit Bhattarai
Gandaki Engineering Consultancy Pvt Ltd
Pokhara-13
Mob.: 9840010007

Er. Lal Bahadur Khatri
Beni Engineering Consultancy
Head Office: Pokhara-14, Chauthe
Branch office: Beni-7
Mob.: 9840060466

Er. Krishna Prasad Khanal
Maroon Engineering Solution
Pokhara-5, Parsyang
Mob.: 9846571582

Er. Sudarshan Tiwari
Dolphin Engineering Consultancy
Pokhara-30, Kaski
Mob.: 9846571645

Er. Santosh Ojha
Popular Megha Engineering Consultancy
Pokhara-14, Chauthe, Kaski
Mob.: 9856033868

Er. Nikun Kumar Tamrakar
Karya Concept Pvt. Ltd.
Pokhara-9, Mahendrapul Kaski
Mob.: 9827148700

Er. Santosh Kafle
W.R.C. Engineers Pvt. Ltd.
Head Office: Bharatpur-10
Branch office: Bevchuli-13, Nawalpur
Mob.: 9846467306

Er. Rajan Sapkota Er. Jagannath Ammay
Narayani Training & Engineering Pvt. Ltd.
Gaidakot-01, Nawalparasi, Purva
Mob.: 9845132452, 9851122931

Er.: Binay Karki
Hometown Engineering Pvt Ltd
Pokhara-5, Kaski
Mob.: 9856088093

Er.: Bivash Pandey
Lense Engineering Consultancy Pvt Ltd
Baglung
Mob.: 9857658456

Er. Suni Mohan Poudel
S.N. Engineering Services Pvt. Ltd.
Pokhara-27, Talchowk, Kaski
Mob.: 9856023626,9702890305

Er. Bibek Baral
Sunrise Engineering Consultancy Services
Head Office: Pokhara-10, Amarsingh Chowk
Branch Office: Pokhara-27, Tal Chowk
Mob.:9856022004



UAE मा रोजगार | कम्पनी : AYOON AL TAIR TECHNICAL SERVICES LLC
शहर : UAE

पूर्व स्वीकृत मितिः २०८०/१२/०१ चलानी नं.: ६०२१६५७२ LT. No.:301640 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Carpenter | 5 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४३,७५२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Cleaner | 0 | 15 | | 900 | ३२,८१४ | | | | | | | |
| 3. | Electrician | 10 | 0 | | 1200 | ४३,७५२ | | | | | | | |
| 4. | Male Cleaner | 10 | 0 | | 800 | २९,१६८ | | | | | | | |
| 5. | Plumber Assistant | 5 | 0 | | 1000 | ३६,४६० | | | | | | | |
| 6. | Welder | 5 | 0 | | 1200 | ४३,७५२ | | | | | | | |

अन्तरवार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ भदौ १६ गते (1 September 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

आस्था इन्टरनेशनल इम्प्लोइमेन्ट प्रा.लि.
श्रम इजाजत पत्र नं.: ७१८/०६४/०६५
महराजगंज, काठमाडौं, फोन: ०१–४५४७९४७, Mobile No.: 9802358223 / 9802358233.
E-mail : aasthamanpower@gmail.com, Web.:asthamanpower.com



UAE मा रोजगारको अवसर | कम्पनी : BROZ ALMADINA TECHNICAL SERVICES
शहर: UAE

पुर्व स्वीकृत मितिः २०८१/०५/०७ चलानी नं.: ६०२२४०२८ LT. No.: 309403

| सि. नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Mason | 6 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४३,७८८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Steel Fixer | 5 | 0 | | 1200 | ४३,७८८ | | | | | | | |
| 3. | Carpenter | 5 | 0 | | 1200 | ४३,७८८ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०८१ भदौ १६ गते (1 September 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Creative Placement Services Pvt. Ltd.
Govt. Lic. No. 289/058/059
Basundhara, Kathmandu, Tel: 01-5903365, 5903396, P.O.Box No.: 21498
Mobile: 9823529647
E-mail: creativeplacement2002@gmail.com, website: www.creativenepal.org



साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : MAZEN AL-HAMIDI MISHAAL AL- MUTAIRI CONTRACTING COMPANY शहरः DAMMAM
पुर्व स्वीकृत मितिः २०८१/०५/०७ चलानी नं.: ६०२२४०४६ L.T. No.:309394

| सि. नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | CONSTRUCTION WORKER | 4 | 0 | स. काममा दक्ष | 1000 | ३५,६९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : MAZEN AL-HAMIDI MISHAAL AL- MUTAIRI CONTRACTING COMPANY शहरः DAMMAM
पुर्व स्वीकृत मितिः २०८१/०५/०७ चलानी नं.: ६०२२४०३५ L.T. No.: 309395

| सि. नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | CAR DRIVER | 1 | 0 | स. काममा दक्ष | 1500 | ५३,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : WARDAT AL MASHREQ FOOD COMPANY शहरः RIYADH
पुर्व स्वीकृत मितिः २०८१/०५/०७ चलानी नं.: ६०२२४०४८ L.T. No.: 309392

| सि. नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | HEAVY TRUCK DRIVER | 5 | 0 | स. काममा दक्ष | 1500 | ५३,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : KLEMAH CONSTRUCTION ESTABLISHMENT शहरः DAMMAM
पुर्व स्वीकृत मितिः २०८१/०५/०७ चलानी नं.: ६०२२४०४७ L.T. No.: 309393

| सि. नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | SHELF FILLERS | 1 | 0 | स. काममा दक्ष | 1200 | ४२,८२८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ भदौ १६ गते (1 September 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २३०८/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

K L Employment Service (P) Ltd.
श्रम इजाजत नं.: ७०१/०६३/०६४
शम्भु मार्ग, एयरपोर्ट, काठमाडौं, फोन : ४४६४११३, ४४९३१८०, फ्याक्सः ४४६९३२१
Email: info@klemployment.com.np | Web: www.klemployment.com.np

गो.हु.का.द.नं. ३३/०६९/०७०
९ भदौ २०८१, आइतबार
25 August 2024, Sunday



# ‘घाटाका सार्वजनिक संस्थान बन्द गर्न उत्तम’

नेपालमा सार्वजनिक संस्थानको अवस्था दयनीय छ । सरकारको लगानी रहेका ४४ वटा संस्थान मध्ये अहिले ४२ वटा संचालनमा छन् । ४२ वटा मध्ये १५ वटा संस्थान घाटामा छन् भने ३ वटाको कारोबार शुन्य छ । सार्वजनिक संस्थानमा सरकारको ६ खर्ब ६१ अर्ब रुपैयाँ लगानी छ । तर, लगानीबाट आम्दानी भन्दा घाटा धेरै भएको देखिन्छ । संस्थानहरु घाटामा जाँदा नागरिकले तिरेको करलाई अनुत्पादक क्षेत्रमा गएको छ भने राज्यलाई भार बढाएको छ । कल्याणकारी राज्यको अवधारणामा शुरु गरिएको संस्थान अहिले राजनीतिक दलका कार्यकर्ताको भर्ती केन्द्र र राजनीति गर्ने थलोको रुपमा विकास हुँदा संस्थानबाट लाभ लिन सकिएको छैन । प्रस्तुत छ, सोही सन्दर्भमा लोक सेवा आयोगका पूर्व अध्यक्ष एवं पूर्वसचिव **उमेश प्रसाद मैनाली**सँग सार्वजनिक संस्थानमा देखिएको घाटाको व्यापार र अब संस्थान बन्द गर्ने की चलाउने भन्ने बिषयमा मध्यान्हका **छबि सापकोटा**ले गरेको कुराकानी ।

**उमेश प्रसाद मैनाली**
पूर्वअध्यक्ष, लोकसेवा आयोग

**नेपालका सार्वजनिक संस्थानले राज्यलाई नाफा दिने भन्दा पनि भार धेरै दिएका छन् । पछिल्लो समय घाटामा रहेका सार्वजनिक संस्थान बन्द गर्नुपर्छ भन्ने बहस शुरु भएको छ यसलाई कसरी हेर्नु हुन्छ ?**

यो बहस सकारात्मक छ । इन ‘गर्भनर इट नट अ बिजनेश’ सरकारले व्यापार गर्ने होइन । तर, केही संस्थाहरु बजारमा हुने मोनोपोलिलाई रोक्नको लागि चाहिन्छ। जस्तै पेट्रोलियम पदार्थ, खाद्य संस्थान जस्ता केही संस्थान होला । तर, यसरी सरकारले व्यापार गर्नेगरी संस्थानलाई पाल्नु आवश्यक छैन। अहिले सार्वजनिक संस्थान राजनीतिक दलका कार्यकताको भर्ती केन्द्रमात्र भएका छन्। त्यस्तो संस्थानको भार करदाताले तिर्नपर्ने अवस्था छ। त्यसैले राज्यलाई भार दिने संस्थानलाई बन्द गर्नु नै उत्तम विकल्प हुन सक्छ।

अहिले घाटामा रहेका संस्थान बन्द गर्नुपर्ने बहस उठेको छ, अहिले नै सरकारले आँट गरेर घाटामात्र हुने संस्थानलाई प्रक्रियागत निर्णय गरेर बन्द गरे उत्तम हुन्छ।

**देशमा रहेका ४४ संस्थान मध्ये १५ वटा घाटामा सञ्चालन भएका छन् । केहीको कारोबार नै शुन्य छ । निजी क्षेत्रबाट सञ्चालन हुने व्यवसायले नाफा गर्ने तर, सरकारले चलाएको कम्पनी किन घाटामा जान्छन् ?**

अहिले हामीकोमा केही संस्थान नेपाल आयल निगम, नेपाल विद्युत प्राधिकरण, नेपाल दूरसञ्चार कम्पनी लगायतको नाफा देखिन्छ। यी नाफा दिने संस्थानमा राज्यले सम्पूर्ण सयन्त्र बनाएर जिम्मा लिएको भएकोले नाफा गरेका हुन्। किनभने यहाँ प्रतिस्पर्धा छैन र त्यसमा सम्पूर्ण व्यवस्थापन राज्यले गरिदिएको छ । यी संस्थानले राज्यले बनाएको नियममा बसेर काम गर्दा नाफा आर्जन गरेका हुन् । त्यसैले संस्थानले राज्यलाई फाइदा गराएकै छैनन् । संस्थान गठनमा उद्देश्य राजस्व र रोजगारी सृजना गर्नका लागि हो। तर, त्यस्तो नेपालमा भएको छैन । अहिले पनि निजी क्षेत्र अगाडि नहुने हो भने रोजगारी नै छैन भन्दा हुन्छ । सार्वजनिक संस्थान सेता हात्ती हुन। यसलाई पाल्न जरुरी छैन। त्यसैले अब रणनीतिक महत्वका बजार हस्तक्षेप गर्नुपर्ने केही संथान राखेर अरु सबै खारेज गरिदिए फरक पर्दैन।

**तर, संस्थानमा खर्बौंको लगानी छ । हजारौं कर्मचारी छन् । त्यसलाई बन्द गर्दा लगानी र कर्मचारीको व्यवस्थापनमा झनै समस्या होला नि ?**

लगानीलाई निजीकरण वा सार्वजनिक निजी साझेदारी (पीपीए) मोडल समेत अपनाउन सकिन्छ। अर्को कर्मचारीको व्यवस्थापन महत्वपूर्ण विषय हो । यसमा कर्मचारीलाई खुसी बनाएर बिदाई गर्न सरकार तयार हुनुपर्छ। नेपालमा मात्र होइन छिमेकी मुलुक भारतमा रहेका संस्थानमा समेत समस्या आएपछि बन्द गरिएको छ। भारतको एयर इण्डिया टाट पल्टिएपछि टाटा कम्पनीले लिएको थियो । त्यसलै व्यापारिक कम्पनी सरकारले चलाउने नै होइन । हाम्रो सरकारमा त्यो क्षमता पनि छैन। सरकार ड्राइभर हो, निजी क्षेत्र इञ्जिन र शिक्षा इन्धन हो । यो तीनवटा मिल्यो भने गाडी चल्छ । संस्थान पनि सरकारले मात्र चलाउँछु भन्ने हो भने सधैँ घाटामा जाने राज्यलाई भार बोकाउने मात्र हो ।

**सरकार घाटामा रहेका सार्वजनिक संस्थान बन्द गर्न तयार होला त ?**

यो अहिलेको परिस्थितमा देखिँदैन। अहिले प्रधानमन्त्री केपी शर्मा ओलीले समेत भाषणमा घाटामा रहेको संस्थान बन्द गर्ने भन्ने पनि सुनियो तर, त्यसमा विश्वास गर्ने आधार छैन। अहिले सार्वजनिक संस्थानमा राजनीतिक दलको व्यक्तिलाई प्रमुख बनाइएको छ । कार्यकर्ता कर्मचारी छन् । उनीहरुकै भातृ संगठनकै युनियन छ । सरकारले बन्द गर्ने भन्दा नै घेराउ, हड्ताल हुनछ। निर्णय गर्न गफ गरे जस्तो सहज छैन। घाटामा गएका सार्वजनिक संस्थान बन्द गर्ने हो भने शुरुमा एउटा खारेज गरेर देखाउन सक्नु पर्‍यो नी ? काम नलाग्ने संस्था हो भनेर सरकारले खारेज गरेर देखाइदिनु पर्‍यो ।

**गत वर्षको बजेटमा समेत सार्वजनिक संस्थानको खारेजको कुरा उठाईएको थियो तर, चालु आर्थिक वर्षको बजेटमा फेरि बन्द भएका उद्योगहरु खोल्ने भन्ने छ । यसलाई कसरी हेर्न सकिन्छ ?**

हामीले नीति बनाउन स्थायित्व नै बनाउन सकिरहेको छैनौं । सरकार परिर्वतनसँगै नीति समेत फेरिन्छ। कुनैपनि नीति बनाउँदा कसरी दिगो बनाउने भन्ने नै छैन। नेपालमा छिटो-छिटो सरकार परिवतर्नको खेलले समेत ठोस नीति बनाउन सक्ने अवस्था छैन । यहाँ संस्थानमा महानिर्देशक नियुक्त गर्दा योग्य, प्रतिस्पर्धाको आधारमा गर्नुपर्ने हुन्छ । कर्मचारी चयन समेत त्यसरी नै गर्नुपर्ने हो । तर, अहिले रहेका संस्थानमा प्रमुख व्यक्ति सरकारमा रहेका राजनितिक दलकै क्याडर लैजाने परम्परा बसेको छ । अहिले पनि जुन मन्त्रालय अन्तरगतको संस्थान हो त्यसैले बनाएको कमिटी अनुसार कर्मचारी छनोट गर्न थालेपछि संस्थानहरु भर्ति केन्द्र नै हुने हो नी । त्यसैले सरकार नयाँ बन्दा र नयाँ बजेट बन्दा लोकप्रिय बन्नका लागि होड चल्दा समस्या देखिएको छ । अब संथान चलाउने हो भने बलियो नीति आवश्यक छ । जसमा कसैको हस्तक्षेप नहोस । संस्थानलाई खारेज गर्न निकै नै चुनौती बनाइएको छ। एकपटक यो रिक्स लिन सक्नुपर्छ सरकारले ।

# अर्घा भगवती विमानस्थलको लगानी बालुवामा पानी

**सुर्य प्रसाद भुसाल/मध्यान्ह**
अर्घाखाँची, ८ अर्घाखाँची ।



अर्घाखाँचीको सदरमुकाम नजिक निर्माणाधीन अर्घा भगवती विमानस्थल बजेट अभावका कारण अलपत्र परेको भन्दै स्थानीयले चिन्ता व्यक्त गरेका छन्। जिल्लाको सन्धिखर्क नगरपालिका वार्ड नम्बर १० शिखरबार्नीमा २०७३ असार १३ गते भव्यरुपमा शिलान्यास गरिएको विमानस्थलमा अहिले बजेट नपरेको कारण अलपत्र परेको छ। निर्माणाधीन विमानस्थल क्रिकेट खेल्ने र बिहानी अभ्यास गर्ने स्थानको रुपमा परिणत भएको छ। निर्माण प्रक्रिया अगाडि बढेको विमानस्थलमा बजेट नपरेपछि अर्घाखाँचीबासी निराश भएका छन् भने खर्चभएको धनराशी बालुवामा पानी जस्तै हुने देखिएको छ।

शिल्यान्यास भएको आठ वर्षमा धावनमार्ग सम्याउने विमानस्थलका लागि आवश्यक पर्ने जग्गा कटिङ गर्ने काम सम्पन्न भएको छ। पार्किङ लगायतका संरचना निर्माण र ग्राभेल तथा पिच (कालोपत्रे) को काम भने बाँकी छ। ६० प्रतिशत काम सम्पन्न भएपनि हाल निर्माण कार्य बन्द रहेकोले निर्माण गर्न लागेको विमानस्थल अहिले जिर्ण अवस्थामा पुगेको देखिन्छ। विमानस्थल निर्माणमा हालसम्म करिब २१ करोड रुपैयाँ खर्च भएको बताइएको छ। पहिलो टेन्डरमा पाँच करोड ५० लाख, दोस्रो टेन्डरमा चार करोड, तेस्रोमा छ करोड ५० लाख र चौथो टेन्डरमा चार करोड ८० लाख रुपैयाँमा काम सम्पन्न भएको र हाल आठ सय मिटर लम्बाइको धावनमार्ग तयार गरिएको निर्माण व्यवसायी कविराम खनालले बताए।

राष्ट्रिय वनको जग्गामा निर्माण भइरहेको विमानस्थल सम्पन्न गर्न अब थप ३५ करोड रुपैयाँ लाग्ने अनुमान गरिएको छ। २०७३ सालमा तत्कालीन उपप्रधानमन्त्री टोपबहादुर रायमाझीले शिलान्यास गरेपनि २०७६ सालबाट विमानस्थल निर्माणको काम शुरु भएको थियो। वातावरणीय प्रभाव मूल्यांकन तथा विमानस्थलको प्रभावकारिताका विषयलाई लिएर मुद्दा परेको थियो। तर, अहिले उक्त मुद्दा छिनोफानो भइसकेको नेपाल नागरिक उड्डयन प्राधिकरणले जनाएको छ। हाल वर्षातको समय भएको र पर्याप्त बजेट नभएकाले काम अघि नबढेको प्राधिकरणका उपप्रबन्धक ज्ञानेन्द्र भुलले मध्यान्हलाई बताए। अर्घाखाँची सदरमुकाम सन्धिखर्कलाई कालोपत्रे सडकले जोडेको छ। अर्घाखाँचीका सबै ठाउँहरुका सडकहरु कालोपत्रे हुने अवस्थामा पनि छन। कुनै आपतकालीन समयमा संघीय राजधानी काठमाडौं पुग्न परेमा अर्घाखाँचीबासीलाई सन्धिखर्कबाट ४ घन्टा लगाएर रुपन्देहीको भैरहवा विमानस्थल सम्म पुग्नुपर्छ। हवाईजहाज चढ्न भैरहवासम्म पुग्नुपर्ने बाध्यता हटाउन सो विमानस्थलको निर्माण कार्य अगाडि बढाइएको प्राधिकरणले जनाएको छ। धार्मिक पर्यटनका हिसाबले पनि अर्घाखाँची आकर्षक गन्तव्यका रुपमा विकास हुँदै गएकोले पनि विमानस्थल अनिवार्य आवश्यकता भएको बताइएको छ। तर, विमानस्थल निर्माण कार्यले गति लिन नसक्दा विमानस्थल निर्माण हुनेमा धेरैले शंका गरेका छन्।

# एक महिनामा तीन अर्ब ४६ करोड ६३ लाखको ‘स्मार्टफोन’ आयात

**काठमाडौं/मस –** चालु आर्थिक वर्ष २०८१/ ८२ को पहिलो महिना नेपालले कुल रु एक खर्ब ४० अर्ब ६० करोड ३२ लाख बराबरको वैदेशिक व्यापार गर्दा एक खर्ब १६ अर्ब १५ करोडको घाटा व्यहोरेको छ । भन्सार विभागले सार्वजनिक गरेको चालु आवको पहिलो महिनाको वैदेशिक व्यापारसम्बन्धी तथ्यांकअनुसार गत साउनमा नेपालले एक खर्ब २८ अर्ब ३७ करोड ७१ लाख बराबरको वस्तु आयात गर्दा १२ अर्ब २२ करोड ६१ लाखको मात्रै निर्यात गरेको हो।



विभागका अनुसार गत आर्थिक वर्षको सोहि अवधिको तुलना चालु आवको पहिलो महिनामा आयात शून्य दशमलव ६७ प्रतिशतले घटेको छ भने निर्यात नौ दशमलव ६३ प्रतिशतले घटेको छ । गत साउन महिनामा नेपालले भारतसँग मात्र ७० अर्ब १० करोड ४२ लाख बराबरको व्यापार घाटा व्यहोरेको विभागले जनाएको छ । चालु आवको पहिलो महिना भारतबाट ७७ अर्ब ६८ करोड ३१ लाख बराबरको आयात हुँदा सात अर्ब ५७ करोड ८८ लाखको निर्यात भएको हो । नेपालले दोस्रो ठूलो वैदेशिक व्यापार गर्ने अर्को छिमेकी मुलुकसँग यस अवधिको व्यापार घाटा २४ अर्ब ३८ करोड ४७ लाख बराबर छ। गत साउनमा चीनबाट २४ अर्ब ५४ करोड २३ लाखको आयात हुँदा १५ करोड ७६ लाख बराबरको मात्रै निर्यात भएको हो । कतार, युक्रेन, अस्ट्रेलिया, बहराईन, मलेसियालगायतका मुलुकसँग पनि नेपालको व्यापार घाटा उच्च छ ।

चालु आवको पहिलो महिनामा नेपालले वैदेशिक व्यापार गरेका मुलुकहरुमध्ये १३ मुलुकसँग भने व्यापार नाफा छ । सबैभन्दा धेरै संयुक्त अधिराज्यसँग १८ करोड ३४ लाख ६६ हजार बराबर व्यापार नाफा देखिएको हो। अफगानिस्तान, बेल्जियम, रुस, मौसिरसलगायत मुलुकसँग व्यापार नाफा देखिएको छ । नेपालले बढी आयात गर्ने वस्तुहरुमा पेट्रोलियम पदार्थ, फलामजन्य वस्तु, स्मार्टफोन, कच्चा सूर्यमुखी तेललगायत छन् । गत एक महिनामा मात्र नेपालले छ अर्ब ९८ करोड ७१ लाख बराबरको डिजेल, पाँच अर्ब ६९ करोड ३५ लाख बराबरको पेट्रोल चार अर्ब ८२ करोड ६६ लाख बराबरको खाना पकाउने ग्यास आयात भएको छ ।

त्यस्तै, साउनमा तीन अर्ब ४६ करोड ६३ लाख बराबरको स्मार्टफोन आयात भएको भन्सार विभागको तथ्यांकमा उल्लेख छ । नेपालले बढी निर्यात गरेका वस्तुहरुमा भने कार्पेट, चिया, स्टील, धागोलगायत छन् । गत साउनमा नेपालले एक अर्ब ११ करोड ७५ लाख बराबरको कार्पेट निर्यात गरेको छ ।

**विज्ञापन प्रकाशन सम्बन्धी वार्षिक सम्झौता रद्द गरिएको बारे अत्यन्त जरुरी सूचना**

नेपाल सरकार विज्ञापन बोर्डले छापा माध्यमको न्यूनतम दररेट माग गरेको र नेपाल विज्ञापन संघ (आन), राष्ट्रिय विज्ञापन संघ नेपाल (नान), नेपाल मिडिया सोसाइटी र मिडिया एलाइन्स बीचमा भएको सहमतिमा निर्धारण गरिएको न्यूनतम दररेट रु. ५००/- (पाँच सय रुपैयाँ) प्रति सीसी भन्दा कममा भएको विज्ञापन प्रकाशन सम्बन्धी सम्पूर्ण द्वि-पक्षीय सम्झौताहरु यहि २०८१ भाद्र १५ गते शनिबारदेखि स्वत: रद्द हुने भनि सहमति गरी सहमति कार्यान्वयनमा गर्ने निर्णय समेत भएकोले यस प्रकाशन गृहसँग भएका त्यस प्रकारका सम्पूर्ण सम्झौताहरु रद्द गरिएको ब्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

यसबाट विज्ञापनदाता महानुभावहरुमा पर्न गएको असुविधाको लागि हामी क्षमा प्रार्थी छौं । विगतमा जस्तै यहाँहरुको सहयोग र सद्भावको अपेक्षा गर्दछौं ।

मध्यान्ह
Madhyanha National Daily
राष्ट्रिय दैनिक
कमलपोखरी, काठमाडौं
०१५३२६३६६, ०१५३२८२९८
madhyanhadaily59@gmail.com
ad.madhyanha@gmail.com
www.madhyanhadaily.com

प्रकाशक: **सीतादेवी श्रेष्ठ**, कार्यालय: कमलपोखरी, काठमाडौं, फोन: ०१–५३२६३६६, ०१–५३२८२९८, ई-मेल: **madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com** (विज्ञापन), **मुद्रक:** एक्सप्रेस कलर प्रेस, सम्पादक: **मदनकुमार श्रेष्ठ**